## सैनिक प्रवक्तामा पाण्डे

काठमाडौं । जंगी अड्डाले सैनिक प्रवक्ता यामप्रसाद ढकालसहित १२ जना सहायकरथीको सरुवा गरेको छ । सैनिक प्रवक्ता सहायकरथी (ब्रिगेडियर जनरल) ढकाललाई पूर्वी पृतनाअन्तर्गत धनकुटाको हिलेस्थित २ नम्बर बाहिनीको बाहिनीपतिमा सरुवा गरिएको हो । नयाँ सैनिक प्रवक्तामा विज्ञानदेव पाण्डेलाई ल्याइएको छ । जंगी अड्डाले सहायकरथीहरु दामोदर थापालाई उपत्यका पृतनामा, रामनाथ ढुंगानालाई पोखरा पृतनामा, होमनाथ दवाडीलाई ५ नम्बर बाहिनीमा सरुवा गरेको छ ।

यसैगरी, अर्जुन **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## नेपाल बारमा चुनावको चटारो

काठमाडौं । नेपाल बार एसोसिएसनको निर्वाचन नजिकिँदै जाँदा चुनावी चहलपहल निकै बढेको छ। एसोसिएसनको भोलि हुने २५ औं केन्द्रीय कार्यसमितिको निर्वाचन नजिकिँदै जाँदा चुनावी चहलपहल बढेको हो । उम्मेदवारलाई मतादाता आफ्नो पक्षमा पार्न चटारो बढेको छ। चुनावी रौनकका कारण उम्मेदवारहरू अदालत आसपासमा कानुन व्यवसायीको समूह बनाएर चुनावी चर्चा र प्रचारमा व्यस्त हुने गरेका छन् ।

चुनावमा नेपाल कम्युनिस्ट पार्टी निकट कानुन व्यवसायीको समूह ‘ प्रगतिशील, **बाँकी ८ पेजमा**

वर्ष ७ अंक ४८, २०७५ साल चैत १५ गते शुक्रबार, नेपाल संवत् ११३९ (March 29, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# बिथोलिँदै लगानीको वातावरण

काठमाडौं । आजदेखि काठमाडौंमा इन्भेस्टमेन्ट समिट सुरु हुँदैछ । इन्भेस्टमेन्ट समिटमा ४० देशका ६०० प्रतिनिधि सहभागी हुने बताइएको छ । लगानी सम्मेलनका पोस्टर ब्यानर र आकाशेपुल लेखनले राजधानी बेहुली जस्तै सिंगारिएको छ । त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलदेखि सोल्टिमोटसम्मको सडक चिटिक्क पारिएको छ । सरकारले ३० खर्ब प्रतिबद्धताको लक्ष्य लिएको यो सम्मेलनले ‘समृद्ध नेपाल सुखी नेपाली’ को नारालाई सार्थक बनाउने आशा लिएको छ । त्यसका लागि सरकारले ३९ खर्ब रुपैयाँ लागत रहेका ६८ वटा ‘सोकेस’ परियोजना समेत सार्वजनिक गरिसकेको छ । तर लक्ष्यअनुसार विदेशी लगानीको प्रतिबद्धता आए पनि कार्यान्वयनमा भने चुनौतीपूर्ण देखिन्छ । ३० खर्बकै लगानी प्रतिबद्धता आए पनि त्यसलाई वास्तविक लगानीका रुपमा भित्र्याउन सक्ने स्पष्ट आधार अझै देखिएको छैन ।

नेपालमा वैदेशिक लगानीको इतिहास असी वर्षभन्दा पुरानो भए पनि यसले चित्तबुझ्दो परिणाम ल्याउन सकेको छैन । वि.सं. १९९४ मा विराटनगरमा जुट




मिलको स्थापनासँगै नेपालमा वैदेशिक लगानीको आरम्भ भएको मानिन्छ । विगत आठ दशकको अवधिमा नेपालमा जम्मा १ खर्ब ५० अर्बको हाराहारीमा वैदेशिक लगानी भित्रिएको देखिन्छ । यस अर्थमा बर्सेनि २ अर्बभन्दा कम लगानी नेपालमा भित्रिएको छ । यति लामो अवधिमा पनि नेपालमा वैदेशिक लगानी नआउनुको कारणबारे सरकारले ध्यान पुऱ्याउन सकेन भने प्रतिबद्धता आउने लगानी नआउने विगत यसपटक पनि दोहोरिन सक्छ । सुरक्षाको प्रत्याभूति, दरिलो र विश्वसनीय कूटनीति, नियम कानुनको सहजता र सुनिश्चितता, पूर्वाधार सुरक्षा, बजारमा पहुँच जस्ता विषयका कारण वैदेशिक लगानी प्रतिबद्धता अनुरुप आउन नसकेको विदेशी लगानी विज्ञहरु बताउँछन् ।

नेपालमा वैदेशिक लगानी व्यवस्थित गर्न २०३८ सालमा कानुन बन्यो । त्यसको एक दशकपछि २०४८ सालमा पहिलो लगानी सम्मेलन भएको थियो । त्यसबेला देशमा नेपाली कांग्रेसको बहुमतको सरकार थियो । राजनीतिक स्थिरता भएका कारण लगानी बढ्यो र नेपालले ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरेको थियो । २०५२ फागुन १ बाट देश माओवादी हिंसात्मक द्वन्द्वमा फस्यो । माओवादीहरुले राणाकालदेखि प्रजातन्त्रकालका भौतिक संरचनाहरु ध्वस्त नबनाएका भए देशले अहिले विकाससँग अंकमाल गरिरहेको हुन्थ्यो ।



०४९ सालमा वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन आइसकेको थियो । तर माओवादी द्वन्द्वका कारण एक दशक बढी विदेशी लगानी भित्रिएन । विभिन्न सरकारले लगानी प्रबर्द्धनमा जोड दिँदै ६ वटा राष्ट्रसँग बिप्पा सम्झौता र दशभन्दा बढी राष्ट्रसँग दोहोरो कर उन्मुक्ति सम्झौता नगरेका होइनन् । यद्यपि वैदेशिक लगानीको आकर्षण बढेन । ०६२।६३ को अप्रिल आन्दोलनपछिको सरकारले वैदेशिक लगानीका निम्ति एकद्वार प्रणाली ठूला लगानीकर्ताको सहयोग र सरल प्रक्रियाका लागि लगानी बोर्डको गठन गरी नेपालमा वैदेशिक लगानीलाई प्राथमिकतामा राख्यो । तर लगानी बोर्ड गठन भएको आठ वर्ष बितिसक्दा पनि बोर्डले आफ्नो औचित्यताको पुष्टि गर्न सकेको छैन । उपलब्धि र उल्लेख्य सफलता शून्यप्रायः छ । २०७२ को भूकम्पपछि सरकारले २०७३ फागुनमा दोस्रो लगानी सम्मेलनको आयोजना गऱ्यो । सो सम्मेलनमा १४ खर्बभन्दा बढीको लगानी प्रतिबद्धता आए पनि वास्तविक लगानीमा परिणत हुन सकेन । लगानी सम्मेलनमा आएको प्रतिबद्धतामध्येबाट नेपालमा कति लगानी भित्रियो भन्ने यकिन तथ्यांक सरकारसँग छैन । यद्यपि लगानी बोर्डले अघिल्लो लगानी सम्मेलनपछि लगानी बोर्डमार्फत नेपालमा ४ खर्ब रुपैयाँ प्रत्यक्ष लगानी (एफडीआई) आउने प्रक्रियामा रहेको जनाएको छ । यसमध्ये सिचुआन वाङपिङ इनर्जी, गेजुवाग्रुप, चाइना हार्वर, डोल्मा फन्ड, हवासिन सिमेन्ट जस्ता कम्पनी गरी ३ खर्ब १२ अर्ब लगानी नेपाल आउने प्रक्रियाको करिब पच्चीस प्रतिशत प्रक्रिया पूरा भएको समेत बोर्डले दाबी गरेको छ । पछिल्लो दुई वर्षमा नेपालमा ३१ अर्ब ५२ करोड रुपैयाँ प्रत्यक्ष विदेशी लगानी भित्रिएको राष्ट्र **बाँकी ८ पेजमा**

## नेपालबन्द फिर्ता

काठमाडौं । नेत्रविक्रम चन्द विप्लव नेतृत्वको प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टीले पक्राउ परेका आफ्नो पार्टीका नेता रिहाइ तथा प्रतिबन्ध फुकुवाको माग गरेको छ । यो माग पूरा गराउन चैत महिनाभरिका लागि शान्तिपूर्ण आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । चैतभित्रमा पनि आफ्नो माग पूरा नगरे सरकारका कार्यक्रममाथि प्रतिबन्ध लगाउने चेतावनी विप्लव नेकपा विज्ञप्तिमार्फत दिएको छ । चैत १३ गते देशभर चोक जुलुस, १४ गते कोणसभा, १५ गते मसाल जुलुस र १६ गते शनिबार नेपाल बन्द गर्ने विप्लवको विज्ञप्तिमा उल्लेख भए पनि बन्दको चौतर्फी विरोध भएपछि बन्द फिर्ता गरिएको छ । अन्य संघर्षका कार्यक्रम यथावत छन् ।

## ऋणले थिचिए नेपाली

काठमाडौं । महालेखा कार्यालयको पछिल्लो तथ्यांकले प्रतिव्यक्ति ऋणको भार ३२ हजार नौ सय ७८ रुपैयाँ पुगेको छ । जसमा आन्तरिक ३ खर्ब ८५ अर्ब र वैदेशिक ५ खर्ब ६१ अर्ब रुपैयाँ पुगेको छ । यो कुल गार्हस्थ उत्पादनमा सार्वजनिक ऋणको अंश ३१.६८ प्रतिशत हो ।

चालु आर्थिक वर्षको ८ महिनामा सरकारले कुल विनियोजित बजेट (पुँजीगत) ३३.५८ प्रतिशत (८९ अर्ब रुपैयाँ मात्र खर्च गर्न सकेको छ । जबकि सरकारको लक्ष्यअनुसार दोस्रो चौमासिकसम्म ६० प्रतिशत पुँजीगत खर्च भइसक्नुपर्थ्यो । यसअनुसार असार मसान्तसम्म बाँकी ६६.४२ प्रतिशत रकम खर्च गरिसक्नुपर्नेछ । जुन सरकारका लागि मुस्किलको विषय हो । यसले सरकारी कर्मचारीतन्त्र र राजनीतिक नेतृत्व देशको विकास निर्माणमा पूर्णतः असफल रहेको संकेत गर्छ । आन्तरिक ऋणको भारले आयात वृद्धि हुन्छ निर्यात घट्छ । निर्यात घट्ने र आयात बढ्नाले व्यापारघाटा उच्च बिन्दुमा पुग्छ ।

गत आवको प्रतिव्यक्ति ऋण दायित्व ३१ हजार ७ सय ७५ रुपैयाँ छ । महालेखा नियन्त्रक कार्यालयले गत वैशाखसम्म यस्तो ऋण २९ हजार रुपैयाँ पुगेको जनाएको थियो । आर्थिक सर्वेक्षणले आन्तरिक र बाह्य ऋण ९ खर्ब ४७ अर्ब पुगेको देखाएको छ । कुल जनसंख्या दुई करोड ८७ लाख २९ हजारलाई आधार मान्दा यस अवधिसम्म प्रतिव्यक्ति ऋण दायित्व ३२ हजार नौ सय ७८ रुपैयाँ पुगेको हो ।

## कस्ता कामदारले जापानमा रोजगारी पाउँछन् ?

काठमाडौं । नेपाली श्रमिकका लागि जापानको वैदेशिक रोजगारी औपचारिक रूपमा खुलेको छ । राजधानीमा आयोजित विशेष कार्यक्रममाझ दुई देशबीच सहयोग समझदारीपत्र (एमओसी)मा हस्ताक्षर भएसँगै नेपाली कामदारका लागि जापानको बाटो खुला भएको हो । सम्झौतामा नेपालका लागि जापानी राजदूत मासामिची साइगो र नेपालको तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका निमित्त सचिव रामप्रसाद घिमिरेले हस्ताक्षर गरेका छन् ।

१ अप्रिलदेखि कार्यान्वयनमा आउने समझदारीपत्रअनुसार निश्चित सीपयुक्त नेपाली कामदार कोरियाको इपिएस प्रणालीजस्तै सरकारी स्तरबाटै रोजगारीका लागि जापान जान पाउनेछन् । म्यानपावरमार्फत वैदेशिक रोजगारीमा जाने कामदारमाथि चरम ठगी हुन थालेपछि सरकारले जापानसमक्ष सरकारी संयन्त्रबाटै पठाउने अडान राखेको थियो ।


समझदारीपत्र कार्यान्वयनका लागि दुवै देशका प्रतिनिधिहरू रहने संयुक्त समितिको व्यवस्था गरिएको छ । सो समितिले निश्चित सीपयुक्त नेपाली कामदारको भर्ना, रोजगारी र स्वदेश फिर्तीलगायतमा अपनाउने विधि तथा प्रक्रियाको टुंगो लगाउनेछ । जापानले आउँदो पाँच वर्ष नेपालसहित विभिन्न ९ वटा मुलुकबाट १४ औद्योगिक क्षेत्रमा करिब ४ लाख विदेशी कामदार भित्र्याउने नीति तय गरेको छ । कुन क्षेत्रमा कति संख्यामा नेपाली कामदार लैजाने भन्ने विषय निश्चित हुन बाँकी छ ।

जापान जाने कामदारले जापानी भाषा र सीप परीक्षा अनिवार्य उत्तीर्ण गर्नुपर्नेछ । समझदारीपत्रअनुसार जापानी पक्षले नै भाषा तथा सीप परीक्षण गर्ने संयन्त्रको टुंगो लगाउनेछ । उक्त कार्यमा सहजीकरणका लागि नेपालको तर्फबाट वैदेशिक रोजगार विभागअन्तर्गत छुट्टै एकाइ स्थापना गरिनेछ । भाषा तथा सीप परीक्षण वर्षमा बढीमा ६ पटकसम्म सञ्चालन गर्न सकिने बताइएको छ ।


जापानले दुई किसिमको निश्चित सीपयुक्त कामदारलाई **बाँकी ८ पेजमा**


## संसोधनविरूद्ध सडक र सदन दुबै तात्दै

काठमाडौं । सत्तारुढ डबल नेकपाको दुईतिहाई बहुमतको सरकारले भारतको इसारामा नेपाली नागरिकता ऐन संसोधनको प्रस्ताव संघीय सदनमा प्रस्तुत गरेपछि यसविरुद्ध सडक र सदन दुबै तात्न थालेको छ । सदनमा राजमोकी सांसद दुर्गा पौडेलले सरकारद्वारा प्रस्तुत राष्ट्रघाती संसोधन प्रस्तावविरुद्ध राष्ट्रहित अनुकूल संसोधन दर्ता गराएकी छिन् । सडकमा उक्त सरकारी विधेयकविरुद्ध नेकपा माले, नेकपा मसाल, राष्ट्रिय जनमोर्चा, जनसमाजवादी पार्टी नेपाल, पुष्पलाल अध्ययन समाज र राष्ट्रिय जागरण परिषद नेपालले हस्ताक्षर अभियान र कोणसभा गत चैत १० गतेदेखि शुरु गरेको छ । चैत २४ गतेसम्म पूर्व मेचीदेखि महाकाली र हिमालदेखि तराईसम्म संचालन हुने उक्त कोण सभा र हस्ताक्षर अभियानअन्तर्गत गत चैत १३ गते उक्त गठबन्धनले सम्पूर्ण








संघीय सांसदहरुलाई राष्ट्रघाती संसोधन प्रस्ताव फिर्ता लिन लगाउने उद्देश्यले एक ध्यानाकर्षण पत्र हस्तान्तरण गरेको छ ।

उक्त हस्तान्तरणपश्चात अनामनगरमा भएको कोण सभामा राष्ट्रिय जनमोर्चाकी सांसद दुर्गा पौडेल, जनसमाजवादी पार्टीका अध्यक्ष सुवास काफ्ले तथा नेकपा मालेका पोलिटब्युरो सदस्य दिनानाथ घिमिरेले मन्तव्य व्यक्त गर्दै आफूलाई राष्ट्रवादी भन्ने सरकारले यस्तो राष्ट्रघाती संसोधन प्रस्ताव दर्ता गराउनुले नेपाल क्रमशः फिजी र सिक्किमको अवस्थामा पुग्ने बताउनुभयो । उहाँहरुले उक्त प्रस्ताव तुरुन्त फिर्ता **बाँकी ८ पेजमा**

## स्वास्थ्य शिविर संचालन



काठमाडौं । काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिका अन्तर्गतको गोलढुंगा लोलाङमा अवस्थित बाल सिर्जना बोर्डिङ्ग स्कुलको आयोजनामा सोही स्कुलमा एकदिने निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो । विगत १० वर्षअगाडि **बाँकी ८ पेजमा**

**समय-सन्दर्भ**

# नेपालको सार्वभौमसत्ता कहाँ छ ?

- डा. रमेश दाहाल

अफ्रिकी नेताहरु यदाकदा राजनीतिक छलफल गर्न दक्षिण अफ्रिकाको राजधानी जोहानसवर्ग पुग्ने गरेको कुरा संचारमाध्यमहरुमा आउने गर्छ । ‘मध्यपूर्व’ समस्याको समाधान गर्न पटकपटक अमेरिकामा समेत छलफल भएको इतिहास छ । कम्वोडियाको गृहयुद्धबारे पेरिसमा पनि वार्ता भएको थियो । यस्ता घटनाहरुले कुनै पनि देशको ‘आन्तरिक मामिला’ भूगोलको सीमित क्षेत्रफलभन्दा बाहिर गएर छताछुल्ल हुन सक्छ भने उदाहरण मिल्छ । तर, जव सार्वभौमसत्तामै खेलवाड गर्न खोज्ने घटनाहरु दृष्टिगोचर हुन्छ, तव सबैले सतर्क हुनैपर्छ । नेपालमा देखिएको पछिल्लो राजनीतिक घटनाक्रमले यही कुरालाई संकेत गर्छ । इतिहासमै पहिलो पटक दर्जनौं विदेशीहरु नेपालमा राजनीतिक सल्लाह दिन आइरहेका छन् । नेपाली नेताहरु बारम्बार विदेश धाइरहेका छन् । यो प्रवृत्तिले नेपालको सार्वभौमसत्तालाई जिस्क्याएको अनुभूति हुनथालेको छ ।

तराईमा आन्दोलन गरेका केही नेताले काठमाडौंस्थित भारतीय दूतावासमै गएर भारतीय कुटनीतिज्ञहरुकै अभिभावकत्वमा वार्ता गरेपछि धेरैलाई त्यो कुरा चित्त बुझेन । जनतालाई ‘सार्वभौमसत्ताका मालिक’ भन्ने नेताहरु स-साना विषयमा पनि विदेशीलाई गुरु थापेर दीक्षा लिने गरिरहेका छन् । वि.सं. २०१६ सालतिर नेपालको मन्त्रिपरिषद्को बैठक काठमाडौंको एउटा विदेशी दूतावासमा समेत बस्ने गर्थ्यो भनेर इतिहासकार गृष्मबहादुर देवकोटाले ‘नेपालको राजनीतिक दर्पण’ पुस्तकमा लेखेका छन् । झन्डै पचास वर्षपछि पनि हाम्रा नेताहरु हरेक कुरामा विदेशीकै मुख ताक्छन् भने के यो नेपालीहरुको दुर्भाग्य होइन ? के स्वदेशका बारेमा आफैले निर्णय गर्ने क्षमता नेपालका नेताहरुमा छैन ?

इतिहासले निमर्म सत्य उजागर गर्छ । इतिहास भनेको घटनाहरुको बेलिविस्तार मात्र होइन, समयको रेफ्री पनि हो । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी दुवै भारतीय भूमिमा जन्मेका हुन् । बीपी कोइराला, गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराईलगायतका कतिपय नेता पनि भारतमै जन्मिए । त्यसो त भारत विभक्त हुनुअघि भारतका हालका चर्चित नेता इन्दरकुमार गुजराल, ज्योति वसु, लालकृष्ण आडवाणी आदि हालको पाकिस्तानी भूभागमा जन्मेका थिए भने पाकिस्तानका राष्ट्रपति पर्वेज मुसर्रफ भारतको दिल्लीमा जन्मेका थिए । अमेरिकी कूटनीतिज्ञ हेनरी किसिन्जरको जन्म पनि अमेरिकामा भएको होइन । उनी जर्मन मुलका हुन् । तर, राष्ट्रले जब जिम्मेवारी सुम्पिन्छ, त्यसबेला नेता र राष्ट्रसेवक सवैले आफ्नो राष्ट्रप्रति वफादार हुनैपर्दछ । आत्मनिर्णयको अधिकार समेत अरुलाई सुम्पेर विदेशीको कठपुतली वा दास बन्न हुँदैन । नेपाली जनताले चाहेको पनि यति मात्रै हो ।

हरेक मान्छे र राष्ट्रको जीवनमा संकट आउन सक्छ । सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामै संकट आएको नेपालको वर्तमान विषम परिस्थिति संभवतः नेपाली इतिहासकै अभूतपूर्व घटना हो । राष्ट्र जोगाउन भियतनामी जनताले अमेरिका जस्तो ठूलो देशसँग लडाइँ गर्नुपऱ्यो । चीनले पनि ठूलो संघर्ष गरेको इतिहास छ । सन् १९३७ मा जापानले हमला गर्दा सार्वभौमसत्ता जोगाउन चीनका राष्ट्रवादी तथा कम्युनिष्टहरु एकजुट भएका थिए । नेपालमा पनि राष्ट्रियता जोगाउन सबै शक्ति मिल्नैपर्छ । हामीलाई आपसमा लडाएर अरुले फाइदा लिन चाहेका छन् । यो कटु सत्य बुझ्न सकिएन भने हामी पनि पराधीन बन्न सक्छौं ।

सयकडौं वर्षसम्म हाम्रा पूर्वजले नेपालको स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा गरेर हामीलाई स्वतन्त्र नेपाल हस्तान्तरण गरे । हामीले हाम्रा सन्तानलाई अविभाजित, स्वतन्त्र, शान्त र समृद्ध नेपाल हस्तान्तरण गर्नु पर्दछ । युगले **बाँकी ८ पेजमा**

## विद्यालय उद्घाटन



काठमाडौं । रोटरी ग्लोबल ग्रान्टअन्तर्गत निर्माण भएको सोलुखुम्बु जिल्ला बुङस्थित श्री सगरमाथा माध्यामिक विद्यालयको बाल विकास केन्द्र, युकेजी र एलकेजीसहित ६ कोठा बराबरीको भवनको गत शुक्रबार उद्घाटन गरी हस्तान्तरण गर्ने कार्य भयो । उक्त भवनको उद्घाटन रोटरी क्लब डिल्लीबजारका अध्यक्ष पुण्य पौडेल तथा महाकुलंग गाउँपालिका अध्यक्ष सुगर किरातीले संयुक्त रुपमा गर्नुभयो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै रोटरी ग्लोबल ग्रान्ट कमिटीका संयोजक **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बढ्दो ऋणभार र सुस्त विकासको गति

मुलुकको अर्थतन्त्रले गति लिन नसक्दा जनतामा निरासा पैदा हुन थालेको छ । दुईतिहाईको जननिर्वाचित सरकारले आर्थिक विकासलाई गति दिने अपेक्षा जनताले लिएका थिए । विकासले गति लिएपछि मात्र जनताको जीवन स्तर माथि उठ्ने र जनअपेक्षा पूरा हुँदै जाने हुनाले विकासलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने हो । तर सरकार त्यसै अलमलिन पुगेको छ । जनप्रतिनिधि र कर्मचारीको तालमेल मिल्न सकेको छैन भने भ्रष्टाचार र कमिसनको जालो झन् झन् मजबुत बन्दै जानाले जनतामा संघीयताप्रति नै वितृष्णा पैदा हुन थालेको छ ।

मुलुक दिनानुदिन ऋणको भारमा थिचिँदै गएको छ । राजस्वले साधारण खर्च धान्न नसक्नु र राजस्वको तुलनामा साधारण खर्च अत्यन्तै उच्च हुनाले साधारण खर्च धान्न समेत ऋणको भर पर्नुपर्ने अवस्था छ । वडा सदस्यदेखि राष्ट्रपतिसम्मको खर्चको बोझ धान्न जनताले तिरेको करले नपुग्ने भएको छ । 'घाँटी हेरी हाड निल्नु' भन्ने उखान विपरीत मुलुकको आम्दानीभन्दा खाने मान्छेको भीड बढाएका कारण संघीयता दिनानुदिन अत्यन्तै बोझिलो बन्दै गएको छ ।

महालेखा नियन्त्रक कार्यालयको पछिल्लो तथ्यांकले प्रतिव्यक्ति ऋणको भार ३२ हजार नौ सय ७८ रूपैयाँ पुगेको तथ्यांक सार्वजनिक गरेको छ । जसमा आन्तरिक ३ खर्ब ८५ अर्ब र वैदेशिकतर्फ ५ खर्ब ६१ अर्ब रूपैयाँ पुगेको छ । जुन कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अंश ३१.६८ प्रतिशत हो । ऋणको बोझ बढेअनुसार सरकारले परिणाममुखी विकास गर्न सकेको छैन । पुँजीगत खर्च अथवा विकासतर्फको खर्च गर्ने सरकारको क्षमतामा सुधार नआउँदा अर्थतन्त्र चलायमान हुन सकेको छैन । बैंकहरू लगानीयोग्य पुँजीको अभावमा गुज्रिरहेका छन् । रोजगारीको सिर्जना हुन सकेको छैन । चालु आर्थिक वर्षको आठ महिनामा सरकारले ३३.५८ प्रतिशत अर्थात् ८९ अर्ब रूपैयाँ मात्र खर्च गर्न सकेको छ । सरकारले निर्धारण गरेको लक्ष्यअनुसार दोस्रो चौमासिकमा ६० प्रतिशत खर्च गर्न सक्नुपर्ने थियो । लक्ष्यमा अहिलेसम्म आधा मात्र पुग्न सकेको छ । अब असार मसान्तसम्ममा ६६.४२ प्रतिशत खर्च गर्नुपर्ने हुन्छ । त्यो सम्भव देखिँदैन ।

कर्मचारीको पुरानो मानसिकतामा अहिलेसम्म परिवर्तन हुन सकेको छैन । त्यसैगरी कतिपय आर्थिक ऐन, कानुनहरू पनि विकासका बाधकका रूपमा रहेका छन् । यद्यपि दुईतिहाईको मतको भारी बोकेको वर्तमान सरकारले ऐन, कानुनका बाधा देखाएर कुनै हालतमा पन्सिने छुट पाउँदैन । कर्मचारीको अरू बेला घाम तापेर बस्ने र असारमा पैसा सक्न विकासको लागि तम्सिने असारे विकासको मानसिकतामा राजनीतिक नेतृत्वले परिवर्तन ल्याउन सकेको छैन । विकासको गति कछुवाशैलीमा अघि बढ्दा कतिपय आयोजनाहरूको खर्च दोब्बर वृद्धि हुनुको साथै कतिपय लथालिंग अवस्थामा पुगेका छन् । अत्यन्त सस्तो मानिएको अपर तामाकोसी जलविद्युत् आयोजनाको खर्च दोब्बरभन्दा बढी पुगिसक्यो भने मध्यमर्स्याङ्दी मेलम्ची खानेपानीको अवस्था पनि उस्तै छ । तीन दशक पुगिसक्दा पनि काठमाडौंका जनताको प्यास मेटाउने मेलम्ची खानेपानी आयोजना पूरा हुन सकेको छैन । कमिसन मोहले निम्त्याएको आर्थिक विवादले ठेकेदार नै काम छोडेर हिँड्यो । तलदेखि माथिसम्म मौलाएको भ्रष्टाचार, कमिसन मोह पनि विकासको लागि बाधक देखिएका छन् । सरकारले आर्थिक अनुशासन कायम राखेर विकासलाई गति दिन नसक्ने हो भने मुलुकको अवस्था अझ बिग्रने छ । जनतामा छाउने घोर निराशाले संघीयताको भविष्यमाथि नै प्रश्नचिन्ह खडा गर्ने निश्चित छ ।

# अब पशुपतिनाथले पनि रक्षा गर्ने सम्भावना छैन, सावधान !!!

**सुरेन्द्र ढकाल**



**यो विधेयक विरोध गर्दै सिंगो नेकपाको सरकारलाई राष्ट्रघाती, बलात्कारी र भ्रष्टाचारीमा दर्ज गरी सडकबाटै यिनीहरूको दोहोलो काढ्न शुरू गरेको नेकपा विप्लवको राजनीतिक दललाई प्रतिबन्ध लगाउँदै त्यसका नेताहरूलाई धरपकड गर्ने कार्य सरकारले शुरू गरेबाट अब देश राष्ट्रघाती र राष्ट्रवादी गरी दुई ध्रुवमा विभाजित भएको अवस्था रहेको छ**

२०४७ सालमा स्थापना भएको बहुदलीय राजनीतिक व्यवस्थापश्चात् गठित संसद्द्वारा प्रस्तुत पहिलो नागरिकता विधेयकमा दरबारले लालमोहर नलगाएकै कारण भारतीय गुप्तचर संस्था रअले एकातिर माओवादी जनयुद्धको उठान गऱ्यो भने अकोतिर राजा वीरेन्द्रको वंश विनाश गऱ्यो । तालुमा आलु फलेर राजा बन्न पाएका ज्ञानेन्द्रले भारतकै इसारामा काम गरेर गद्दी जोगाउन लाग्नेछन् भन्ने रअको अनुमान त्यतिखेर गलत सावित भयो जब ज्ञानेन्द्रले एकातिर चीनलाई सार्कमा ल्याउने प्रस्ताव अघि सारे भने अर्कोतर्फ दलाई लामाको काठमाडौंमा रहेको सर्म्पक कार्यालय बन्द गरिदिए । उनको यस कार्यबाट क्रुद्ध भारतले आफ्नै सक्रियतामा माओवादी, कांग्रेस, एमालेहरुलाई दिल्ली बोलाई १२ बुँदे सम्झौतामा हस्ताक्षर गर्न लगायो । यही १२ बुँदे सम्झौता कार्यान्वयन हुँदै जाँदा देशबाट राजतन्त्रको पत्तासाफ मात्रै भएन १२ बुँदेमा हस्ताक्षर गर्ने दलहरुले पहिलो नागरिकता विधेयक पास गरी ६३ लाख भारतीयहरुलाई नेपाली नागरिकता प्रदान गरे जसमा २० हजार नेपाली नागरिकता त भारतको महाराजागन्ज गाउँमा स्थायी बसोबास गर्ने सीमापारिका थिए । नेपाली नागरिकता कौडीको मूल्यमा अरु कति भारतीयहरुले पाए, त्यसको कुनै लेखाजोखा भएको छैन । भारतीय गृहमन्त्री आफैंले नेपालमा एक करोड भारतीयहरु छन् भनेर औपचारिक रुपमा उदघोष गरेका छन् ।

भारतकै इसारामा भएको १२ वर्षे जनयुद्ध र ६३ को १९ दिने आन्दोलनको कारण भएको राजनीतिक परिवर्तनकै जगमा संविधानसभाको निर्वाचन भयो, पहिलो सभाले संविधान बनाउन नसक्नुमा राज्यको संरचना कस्तो बनाउने, कतिवटा प्रदेश बनाउने भन्ने विवादको मुख्य कारण बन्न पुग्यो । दोस्रो संविधानसभाले संविधान त बनायो तर त्यो भारतको हितअनुरुप नभएको हुँदा उसले नेपालको संविधानलाई मानेन, मधेसी दलहरुलाई उठाई नेपालीमाथि आर्थिक नाकाबन्दी गऱ्यो । भारतले नाकाबन्दी गर्ने तर ठीक त्यसको विपरीत बन्द नाका खोल्दै नेपाललाई पेट्रोलियम पदार्थ निशुल्क उपलब्ध गराउन चीन अघि बढेको कारण भारतको नाकाबन्दी नौ महिना पनि टिकेन, सम्पूर्ण नेपाली जनता भारत विरोधी बन्न पुगे ।

नयाँ संविधान कार्यान्वयन गर्ने क्रममा पहिले स्थानीय चुनाव भयो । आफूले उठान गरेको माओवादीहरु चुनाव हार्लान् भनेर भारतले माओवादी र कांग्रेसलाई गठबन्धनमा ल्यायो तर बहुमत एमालेको पोल्टामा गएपछि साउथब्लक नराम्ररी झस्कियो । स्थानीय चुनावको ठीक विपरीत संघीय र प्रादेशिक चुनावको मुखमा आएर एकाएक आफूहरुलाई एकअर्काको बैरी भन्ने गरेका एमाले र माओवादीबीच चुनावी तालमेल हुन पुगेपछि नयाँ नयाँ अनुमानहरु नेपाली राजनीतिमा देखा पऱ्यो । एकथरीले भारतीय आर्थिक नाकाबन्दीताका चीनले नेपाललाई सहयोग गरेको कारण चीनकै इसारामा यी दुई वामपन्थी भनाउँदाहरुको एकिकरण भएको अनुमान अगाडि सारे । कालान्तरमा नेपालले चीनको वीआरआई परियोजनामा सामेल हुने सम्झौतामा हस्ताक्षर गरेको र चीनसँग व्यापार तथा पारवहन सम्झौता गरी नेपालको आयात निर्यात व्यापारमा भएको भारतीय परनिर्भरता तोडिएको आधारमा यो अनुमान सही निक्लेको जस्तो देखियो ।

तर दुई देशबीचको एकताको सूत्रधार फेरि पनि भारत नै हो, यो एकता नेपाललाई वैधानिक रुपबाटै सिक्किम बनाउने ग्राण्ड डिजाइनभित्रकै अर्को चरण हो भन्ने अर्को अनुमान थियो । त्यो अनुमान सत्य हो भन्ने पहिलो आधार त्यतिबेला देखियो जब संघीय संसदमा सुविधाजनक बहुमत हँदाहुँदै पनि दुईतिहाई बहुमत पुऱ्याउने नाममा मधेसी दलहरुलाई सत्तारुढ दलहरुसँग सामेल मात्रै गरिएन त्यसमध्ये एक संघीय समाजवादी फोरमलाई त सरकारमै सामेल गरियो ।


यो अनुमान झन् सही त्यतिखेर देखियो जब सत्तारुढ दलले देश विखण्डनको नारा लिई हिँडेको सिके राउतको नेतृत्वको स्वतन्त्र मधेससँग वैधानिक रुपमै ११ बुँदे सम्झौता गरी लोकतान्त्रिक विधिबाट जनमत गराई उनीहरुको विखण्डनको मागलाई पूरा गर्ने कुरा स्वीकाऱ्यो । अब यसरी हुने जनमत संग्रहहरुमा नेपाललाई विखण्डन गर्न सजिलो होस् भन्ने उद्देश्य राखेर अरु लाखौं भारतीयहरुलाई नेपाली नागरिकता दिने प्रपञ्च सरकारले शुरु गरेको छ । संघीय सदनमा पेस भई छलफलमा आउन लागेको दोस्रो नागरिकता विधेयक यसको सबुत प्रमाण हो । यस विधेयकलाई पास गरी पहिले करोडौं अरु भारतीयहरुलाई नागरिकता दिने अनि तत्पश्चात् जनमतसंग्रह गराई वैधानिक रुपबाट तराईलाई नेपालबाट विखण्डन गर्ने कुत्सित मनसाय भारतले राखेको छ ।

यस नागरिकता विधेयकको संसदमा स्वतन्त्र सांसदको हैसियतमा रहेका मसाल र नेमकिपा जस्ता राजनीतिक दल र संसदमा नरहेका नेकपा माले लगायतका केही दलहरुले मात्रै विरोध गरेका छन् । यो विधेयक विरोध गर्दै सिंगो नेकपाको सरकारलाई राष्ट्रघाती, बलात्कारी र भ्रष्टाचारीमा दर्ज गरी सडकबाटै यिनीहरुको दोहोलो काढ्न शुरु गरेको नेकपा विप्लवको राजनीतिक दललाई प्रतिबन्ध लगाउँदै त्यसका नेताहरुलाई धरपकड गर्ने कार्य सरकारले शुरु गरेबाट अब देश राष्ट्रघाती र राष्ट्रवादी गरी दुई ध्रुवमा विभाजित भएको अवस्था रहेको छ । विप्लवको पक्षमा लेख्ने अखबारहरुलाई समेत कारबाही गर्ने कुराको उद्घोष सरकारी पक्षले गरिरहेको परिप्रेक्ष्यमा अबको युद्ध साँच्चैको गृहयुद्ध हुने अवस्था देखिएको छ । यसमा राष्ट्रवादीको हार भएमा तराई विखण्डन हुँदै गएर बाँकी नेपाल पनि वैधानिक रुपबाटै भारतमा विलय हुन जाने खतरा बढेको छ ।

भारतले नेपाली राजनीतिमा यसरी गरिरहेको चलखेलबारे चीन अनभिज्ञ छ भनेर भन्न सकिन्न । तर चीनले विश्वास गर्ने भनेको नेपालको राजनीतिक दलहरु नभई दरबार हो । राजा वीरेन्द्रले स्वतन्त्र तिब्बतको अभियान बोकेको अमेरिकी हतियारले सुसज्जित खम्पा विद्रोहलाई नेपाली माटोमा नै परास्त गरेको गुण चीनले बिर्सेको छैन । नेपाल भारतमा विलय हुनु भनेको तिब्बतको स्वतन्त्रता ढोका पनि खुल्नु हो भन्ने कुरा पनि चीनलाई राम्ररी थाहा छ । तिब्बतकै सुरक्षाकै लागि पनि नेपालको अस्तित्व चीनको लागि अपरिहार्य भएको हुँदा नेपालमा हुने गृहयुद्धले चीनलाई नछोला भन्न सकिन्न । यस अवस्थामा नेपाललाई आफ्ना एजेन्टको सरकारमार्फत टुक्राउन खोजेर कतै भारतले अप्रत्यक्ष रुपबाट चीनलाई चुनौती दिन खोजेको त होइन भन्ने प्रश्नहरु पनि उठ्न थालेका छन् । गृहयुद्ध भएमा सेनाले कु... गर्न सक्छ भनेर नै राष्ट्रिय सुरक्षासम्बन्धी ऐन संसोधन गरी प्रधानमन्त्रीलाई शक्तिशाली बनाउने विधेयक संसदमा पेस भएको छ जसले प्रधानसेनापतिको सेना परिचालन गर्ने अधिकार खोसेर प्रधानमन्त्रीलाई सुम्पेको छ । यी सबै परिघटनाहरुले नेपालको राष्ट्रिय स्वतन्त्रता एम्बुसमा पर्न लागेको देखिएको छ ।

नेपाली जनता राष्ट्रिय झण्डा बोक्नेभन्दा दलीय झण्डामुनि विखण्डित भइरहेको परिप्रेक्ष्यमा अब यो देशलाई बचाउने को होला भन्ने प्रश्नको जवाफ कोहीसँग पनि छैन । भन्दा धर्मनिरपेक्ष व्यवहारमा क्रिश्चियन धर्मसापेक्ष यस देशलाई अब पशुपतिनाथले पनि रक्षा गर्ने सम्भावना छैन । सावधान !!!

# सजिलो छैन शरणार्थी भएर विदेशमा गएर बस्न



**जगदीश लामिछाने**
रौतहट, पौराई

हिमालपारि मुस्ताङ टुकुचेमाथि छुसाङमा नुनकै धारो छ । राणाकै समयमा स्थानीय थकालीलाई नुन जमाउन लगाएका थिए । चराङ आदिमा त्यहीँ घामले बिहान जमेको शीतमा नुनकै पाप्रा सुक्छ । अवश्य त्यो क्षेत्र प्रागऐतिहासिक समुद्र प्रस्ट नै भयो । त्यसैको तल सुनकोशी काली आदि धेरै नदीमा स्थानीय माझी अझै बालुवा चाली सुन झिक्दैछन् । यसैले यो हिमवत्खण्ड स्वर्णगर्भा नै हो ।

वर्तमान वन सम्पदामा आधारित कोसी टप्पुका जंगली प्रजाति अर्ना चितवनका बाघ हात्ती गैंडा बर्दिया आदिमै र लामटाङ सेफोक्सुन्डो पनि सकभर प्राकृतझैँ बनाउने कोसिसमै छौं । वैदिक सांख्य योगमा समेत अभ्यस्त हामी नेपालीहरु गौतम बुद्ध जन्मभूमिमै छौं ।

भूमि र बौद्धिकताको संगम हुनुपर्छ । त्यस्ता हक र हितको संगम गराउन नसकेर हामी नेपालीले दुःख पाएको धेरै भइसक्यो । त्यही संगमको लागि श्री ५ पृथ्वीले टिस्टा ब्रह्मपुत्र संगममै खाँडो पखाले । त्यसपछि अंग्रेज बहादुर लोभियो । त्यही शीतल ताप्न गयो । यस्तै महत्वपूर्ण मध्यपहाडी राजमार्ग पूर्वदेखि पश्चिमसम्म हामी तयार गर्दैछौं । त्यहाँ बौद्धिकता भएन भने फेरि दुःखैदुःख हुन्छ । हामीले अब यो बुझ्नैपर्छ ।

हिजोआज भर्खरै नेपाल संस्कृत विश्वविद्यालयको महत्वपूर्ण थलो बाल्मिकी क्याम्पस धमिराले खायो भनी पत्रकार दुःख मान्न लागेका छन् र आफ्नै पत्रिका विरुप पारेका छन् । संस्कृत राष्ट्र भाषा नेपालीसहित धेरै भाषाको जननी हो । विश्वमै संस्कृत भाषाप्रति धेरै आदर छ । त्यहीँ जागिर खाई पेट पाल्नेहरुले त्यस्तो हुन नदिनु कर्तव्य नै थियो । कसको दासत्वमा परेर आफैंमाथि आफैंले अन्याय गरेका हुन्, सोध्नैपर्छ ।

अन्याय सहिरहनु पनि 'मौनं सम्मति' मञ्जुरी नै हो । पहिलेको सिद्धान्तमा अन्तिम १० कक्षामा ५० नम्बर एउटाको आधा प्रश्नपत्र अनिवार्य संस्कृत नै थियो । त्यो पास भएका विद्यार्थी धेरै विषय संस्कृत पढ्न पाउँथे । यो हुनैपर्छ भनी यो हरफकर्ताले एक पटक हैन १० पटक जति छापेकै हो । उस्तै विषय तालिम दिए पुग्थ्यो । अहिलेको भाषा तालिमको संस्कृत विश्वविद्यालयको खर्च नै जोगिन्थ्यो । यो कुरामा अंग्रेजी नेपाली आदि महामहोपाध्यायले विरोध गरिरहनु हुँदैन । सबैलाई राम्रै हुन्छ ।

नेपालका जिल्ला केन्द्रका शिक्षाका नामका डाक्टर कारखानाहरुले पैसा धेरै असुले । अयोग्यलाई पनि योग्य गराए भनी डाक्टर गोविन्द केसीले धेरैपटक अनसन बसे । भर्खरै पनि बसेकै हुन् । अहिले खोज पत्रकारिताले हेरिनसक्नु सबै तथ्यांक नै पस्किँदा नेपाली हामी सबै झस्कनै परेको छ । चाँगुनारायण इन्जिनियर कलेजको कुरा त भ्रष्टाचारमै पुगेको छ । यस्तो भयावहको पछिल्लो गन्तव्य शरणार्थी भएरै सबै नेपाली विद्वानसहित जानु नै हो । यस्तै केही उदाहरण दिएर यो सानु भनाइ तर ठूलै दासत्वको अभिसाप यहीँ थरक मारौं ।

**१. संघीयताको दुरूपयोग :** वर्तमान प्रधानमन्त्री समेत मै हुँ भन्ने नेताहरु वर्तमान संविधान बमोजिम गाउँ गाउँमा सरकार पुग्यो । अब समृद्धि चुट्कीकै भरमा हुन्छ भन्दै क्षेत्र क्षेत्रका सांसदहरुलाई एउटा परिपत्र पठाएर बसेका छन् । स्थानीय सांसदहरु चाहिँ आलाकाँचा हुन् भन्ने बिर्सेका छन् । यस्तो भ्रम केन्द्रीय सांसदहरुमै पनि भएर अनियमित काम गरिरहेका छन् र आफैंलाई अधिकारै पुगेन भन्दै जाँदा नियम जान्नेहरु तथा प्राविधिक कर्मचारी पनि यिनीहरुदेखि पन्छँदै गएका छन् ।

२ नं. जस्ता प्रदेशले त बेलाबेला स्वदेशको सार्वभौमिकतामा बाधा पर्ने गरी प्रजिअ आदि आफ्नै चाहिन्छ भनी दिँदा तिनै अनियमित नेताहरु र राष्ट्रप्रेमी नागरिकहरु समेत शरणार्थी भई विदेशमा बस्न जानुपर्छ कि भन्ने डर पलाएको छ । उनीहरु सबैले शरणार्थीका दुःख बिर्सेका छन् ।

**२. गोर्खाली वीरहरू :** पुराना खस गुरुङ मगरबाहेकै पनि नेपाली सैनिकमा अहिले थर बदलेरै भए पनि ब्रिटिश भारतीय सेनामा जाँदा धेरै नै जाति समेटिसकेकै छन् । बेलायतले समान देखेन भनी मुद्दा नै हालेका छन् । दुवै विश्वयुद्धका यिनीहरुको कथा बेग्लै छ । नेपालकै मित्र पाकिस्तान चीनसँग लड्नु पर्दा अर्को पीर नै हो । भाडाका सिपाहीको सम्झनाको पीडा समेत बुझेका यिनीहरु विश्वभरका शरणार्थीहरुको सबै दुःख बुझेरै अब दिक्क भएका छन् । यस्तो हुने चाहना गर्न छाडेका छन् । दासत्वको अभिशाप बुझेरै नेपाल प्रेमी झन् झन् हुने र गराउने यिनीहरु नै हुन् ।

**३. विदेशबाट नेपालमा आएका शरणार्थीहरू :** एकताका श्री ५ महेन्द्रका पालामा आफ्ना लाखौं सम्पत्ति बर्मामै छोडी शरणार्थी हुन आए । पछि श्री ५ वीरेन्द्रका पालामा भुटानबाट पनि आए । यिनलाई अमेरिका आदिले अस्थायी रुपमा लगेका छन् । लुकीछिपी तिब्बती र रोहिंग्या मुसलमान पनि आई बसे र बस्दैछन् । कुनै बखत भुटानकै राजदूत भएर विदेशमा जाने टेकनाथ रिजाल भुटानबाट शरणार्थी भइआएको धेरै भयो । अहिले नेपालमा बाँकी केही हजारसहित आफ्नै देश भुटान जान पाउँ भनी बेला बेलामा भन्दै बसेका छन् । उता बर्माबाट भागी हिँड्ने रोहिंग्या मुसलमान समूहमा सपरिवार डुब्नु परेको समेत हामीलाई थाहा नहुने कुरै भएन । अहिले सुखैसँग बसेको छु भन्ने शरणार्थी देखिएकै छैनन् विदेशमा ।

**४. विदेशमा सुख छैन :** नेपालबाट अष्ट्रेलिया अमेरिकामा सम्पत्ति कमाएर अथवा नकमाई बस्ने नेपालीहरुले पनि बुझ्नैपर्छ । सजिलो छैन शरणार्थी भएर विदेशमा गई बस्न । अतिथि नमान्ने चाहना मात्र त्यो देशमा हुनुपर्छ । उस बखतका बर्मेली शरणार्थी नेपाली र अहिलेका संसारभर छरिएका मुसलमान शरणार्थीझैँ दुःख पाउन बेर छैन । विदेशमा सपनामा पनि सुख हुँदैन, सजिलो हुँदैन ।

# मैले देखेको उनानब्बेऔं विश्व सम्पदा:
# भुर्च्जवुर्गको मारियनवुर्ग किल्ला र पुरानो पुल

सुरेन्द्र ढकाल



किल्लामा रहेको दरबारको भित्री भाग



माथिबाट हेर्दा किल्लासहितको दरबार यस्तो देखिन्छ



किल्लाको चोकभित्र पस्ने मुख्य ढोका



पुरानो पुलसहित मारियनवुर्ग किल्ला यस्तो देखिन्छ



भुर्च्जवुर्गको पुरानो पुल माथिबाट हेर्दा

भुर्च्जवुर्ग रेसिडेन्स दरबार अवलोकन गरिसक्दा बेलुकी भइसकेको कारण हामी शहर घुम्दै आफ्नो कोठामा फर्कियौं र बेलुकाको खाना खाई गफसफ गरी कोठामा पुग्दा रातिको नौ बजिसकेको थियो । भोलिपल्ट बिहान नियमित ब्रेकफास्ट गरी हामी सेमिनारमा संलग्न भयौं । बीचमा लन्चको लागि एक घण्टा विश्राम लिइसकेपछि ३ बजेसम्म हाम्रो सेमिनारले निरन्तरता पायो । तत्पश्चात हामी भुर्च्जवुर्गको ऐतिहासिक किल्ला मारियनवुर्ग अवलोकन गर्न त्यसतर्फ लाग्यौं । मारियनवुर्ग जाँदा बाटोमा माइन नदीको पुरानो ऐतिहासिक पुल देख्न पाइँदो रहेछ । यस पुलको निर्माण सन ११२० मा भएको रहेछ। यही पुलले भुर्च्जवुर्गको पुरानो शहरलाई किल्लासँग जोडेको हुँदा किल्ला अवलोकन गर्न जानेले यही पुलबाट माइन नदी पार गर्नुपर्ने कारण यो पुलको अवलोकन झण्डै अनिवार्य जस्तै रहेछ ।

सन १७३० यस पुललाई सिंगार्ने क्रममा पुलको दुई लहरमा सन्त र वादशाहहरुको गरी १२ वटा मूर्तिहरु ठड्याइएको रहेछ । दोस्रो विश्वयुद्धताका भएको बम हमलाको कारण बेस्सरी क्षतिग्रस्त हुन पुगेको यो पुललाई युद्धपश्चात क्रमश: जिर्णोद्धार गर्दै लगिएको रहेछ। यस पुलबाट माथि डाँडाका टुप्पामा रहेको मारियनवुर्ग किल्ला निकै मनमोहक देखिँदो रहेछ ।

मारियनवुर्ग किल्ला

भुर्च्जवुर्ग शहरको १०० मिटर अग्लो डाँडामा माइन नदीको देब्रे किनारमा वरिपरि अंगुरका बिरुवाहरुले घेरिएको मारियनवुर्ग किल्लाको निर्माण सन ७०४ बाट शुरु भएको रहेछ । शुरुमा चर्चको प्रयोजनको लागि बनाइएको भए तापनि पुनर्जागरण र बारोक कालमा यसलाई वरिपरि अग्ला मोटा पर्खालहरुले घेरी किल्लाको रुपमा विकास गर्न शुरु गरिएको रहेछ । १७ औं र १८औं शताब्दिमा भएका विभिन्न युद्धहरुमा यो किल्लाको आम रुपमा प्रयोग भएको रहेछ । दोस्रो विश्व युद्धकालमा खसालिएका बमहरुबाट क्षतिग्रस्त भएको यो किल्लामा जिर्णोद्धारपश्चात दुईवटा म्युजियम राखिएको रहेछ ।

इतिहास खोतल्दै जाँदा जर्मनीकै गौरवशाली किल्ला मानिने यो मारियनवुर्ग किल्ला पहिलो पाँच सय वर्षसम्म स्थानीय राजकुमार विशपको निवास रहेछ । यसका मुख्य संरचनाहरु त्यतिखेर नै बनेका रहेछन् । यस किल्लाको विस्तार १६औंदेखि १८औं शताब्दिबीच भएको रहेछ । त्यही कारण त्यहाँ पुनर्जागरणकालको बारोक वास्तुकला शैली राम्ररी झल्कदो रहेछ । स्वेडेनका राजा गुस्ताभुस आडोल्फुसले ३० वर्षे धार्मिक युद्धताका सन १६३१ मा यस किल्लालाई आफ्नो अधिनमा लिएका रहेछन् ।

प्राग्ऐतिहासिक कालको कुरा गर्ने हो भने १००० इशापूर्वमा नै त्यहाँ सामन्तहरुको दरबार रहेको कुरा पुरातात्विक उत्खननहरुले प्रमाणित गरेको रहेछ । किनकी यहाँका स्थानीय व्यापारीहरुले ५०० इशापूर्वदेखि नै प्राचीन ग्रीससँग अँगुरको ब्यापार गर्दा रहेछन् ।

सन १०० देखि यो किल्ला विभिन्न फरक फरक युद्धरत समूहको कब्जामा पर्दै गएको रहेछ र छैठौं शताब्दिमा आइपुग्दा फ्रान्क नामक समूहले आफ्नो कब्जा जमाएको हुँदा मेरोभिन्ज्यान वंशका फ्रान्कोनियन ड्युकको अस्थायी राजधानीको रुपमा भुर्च्जवुर्गको विकास हुन गएको रहेछ । उनै ड्युकले आठौं शताब्दिको शुरुवातमै क्राइष्टकी आमा भर्जिन मेरीलाई समपर्ण गर्दै यसै किल्लाभित्र एक गजुर निर्माण गर्न लगाएको कारण यसलाई मारियनवुर्ग नामाकरण गरिएको रहेछ ।

आल्पस हिमालयको उत्तरतर्फ ठूला ढुंगाहरुले बनेको पहिलो चर्चको रुपमा रहेको हुँदा क्रिश्चियनहरुबीच पनि यस



किल्लाभित्रको मध्यकालीन चौडा पर्खाल

किल्लाले प्रख्याति कमाएको रहेछ । यो किल्लालाई वरिपरि पर्खालले घेरिएको भन्ने कुरा १३औं शताब्दिसम्म नखुलेको तर जब प्रिन्स विशपले आफ्नो निवास यहाँ सारेपछि मात्र खुलेको कारण पर्खालहरुको निर्माण उनैले पो गरेको मानिदो रहेछ । उनै प्रिन्स विशपका उत्तराधिकारीहरु १८औं शताब्दिसम्म त्यहाँ बसेका रहेछन् । सन १८१४ मा यो किल्लालाई वभेरिया अधिराज्यले आफ्नो नियन्त्रणमा लिएपछि अस्ट्रो प्रसियन युद्धताका प्रसियन सेनाहरुले दक्षिणतिरबाट यस किल्लामाथि तोप र बम आक्रमण गरेका रहेछन । यस आक्रमणसँगै यो किल्ला ब्यारेकमा परिणत हुन पुगेको रहेछ र सन १८७१




पुलमा ठडिएका सन्त र बादशाहहरूको सालिक



किल्लाको मध्यकालीन पर्खालमा सुरेन्द्र मित्र मोनिका क्लेम्स्टाइनसँग
सन् १९८९ सेप्टेम्बरमा

को फ्रान्को प्रसियन युद्धताका यो शरणार्थी शिविरमा परिणत हुन पुगी वेवारिसी अवस्थामा गुज्रन पुगेको रहेछ । तर सन १९१४।१८को प्रथम विश्वयुद्धताका यस किल्लालाई पुन: सैनिक ब्यारेक र सैनिक बन्दोवस्ती सामान राख्ने गोदामको रुपमा प्रयोग गरिएको रहेछ । पछि १९३५ मा यो किल्ला वभेरियाको प्रशासन अन्तर्गत आएपछि यसको क्रमश: जिर्णोद्धार भई यसले आफ्नो गौरवपूर्ण इतिहासलाई निरन्तरता दिएको रहेछ ।

# हामीहरूको जेलयात्रा र जेलजीवन-३




■ शम्भुराम श्रेष्ठ

'आवश्यकता आविष्कारको जननी' भन्छन् । यो कथन हामी गोलघरका राजबन्दीहरुको हकमा पनि उत्तिकै लागू हुन्छ । अर्थात् गम्भीरतापूर्वक र इमानदारीपूर्वक खोजियो भने बाटो अवश्यै पत्ता लाग्छ । किनभने समाधानबिनाको समस्या हुँदैन, जुनसुकै समस्याको पनि समाधान हुन्छ । राणा शासकहरुले जतिसुकै कडा नियमहरु बनाएर हामीहरुलाई जेबाहिरका आन्दोलनकारीहरुसँग सम्पर्क राख्नबाट रोक्न वा वञ्चित गर्न कोसिस गरे तापनि हामीहरुले जेल बाहिरसित सम्पर्क गर्ने बाटो बनाई नियमित सम्पर्क कायम राख्यौं । राणा विरोधी जनआन्दोलनको सम्बन्धमा कहिले राम्रो कुरा सुन्न पाइन्थ्यो भने कहिले एकदमै नराम्रो कुरा । यसै क्रममा एक दिन प्रेमबहादुर कंसाकारले बनारसबाट लेखिपठाएको चिठ्ठी प्राप्त भयो र त्यसको तेस्रो दिन बनारसबाटै गणेशमान सिंहले लेखिपठाएको चिठ्ठी आइपुग्यो । ती दुवैजनाले नेपाली राष्ट्रिय कांग्रेस संगठनात्मक रुपले फुटेको बारेमा र त्यससम्बन्धी आआफ्ना अवधारणा तथा आआफ्नो पक्षको बारेमा लेखेका थिए । प्रेमबहादुर कंसाकार र पुष्पलालले डा. डिल्लीरमणको पक्ष लिएका थिए भने गणेशमानले त्यसको विरोधीको पक्ष लिएका थिए ।

भारतको बनारस नगरीमा आयोजित कांग्रेसको दोस्रो सम्मेलन सकिएपछि अध्यक्ष पदको विषयलाई लिएर तिनीहरुको बीचमा झगडा भएको रहेछ । त्यस सम्मेलनमा बीपी कोइराला अनुपस्थित थिए किनकि त्यस समय उनी २००५ सालको विधान लागू गरियोस् भन्ने माग राखी काठमाडौंमा भएको जनआन्दोलनको सिलसिलामा पूर्णबहादुर एमए र गौरीभक्त प्रधानसँगै पक्राउ परी उनीहरुसँगै सेन्ट्रल जेल नजिकैको एउटा खोरमा थुनिएका थिए । सम्मेलनमा उनको उपस्थिति भएको भए सायद त्यो झगडा हुँदैनथ्यो ।

कलकत्तामा आयोजित पहिलो अर्थात् पार्टी स्थापना सम्मेलनमा टंकप्रसाद आचार्यलाई अध्यक्ष र बीपी कोइरालालाई कार्यवाहक अध्यक्ष चुनिएजस्तै बनारस सम्मेलनमा टंकप्रसाद आचार्य अध्यक्ष र उनी जेलमा भएको हुँदा डा.डिल्लीरमण रेग्मी कार्यवाहक अध्यक्ष चुनिएका थिए । तर सम्मेलन सकिएपछि डा. डिल्लीरमण रेग्मीले 'म नै अध्यक्ष चुनिएको हुँ, टंकप्रसाद होइन' भन्न थालेकाले पार्टी नै संगठनात्मक रुपले फुट्ने गरी त्यो झगडा भएको रहेछ ।

यता हामीहरुले यस्तो कष्टपूर्ण जीवन बिताइरहनु उता पार्टीलाई संयुक्त तथा एकताबद्ध राख्नुको सट्टा सिंगै पार्टीलाई फुटाउने काम गर्ने कुराले हामीहरुलाई हुनसम्मको दुःख लाग्यो । जहाँसम्म प्रेमबहादुर र गणेशमानका अडानहरुको सवाल छ, मलाई गणेशमान सिंहको अडान सही लाग्यो किनभने एक त उनको अडान सही थियो र रेग्मी पक्ष झूटो थियो दोस्रो कुरा डा.रेग्मीको नेतृत्वमा जनसंघर्ष हुँदै हुँदैन । उनी संघर्षका कुरा त गर्छन् तर संघर्ष चाहिँ गर्दैनन् । उनी जुझारु स्वभावको मान्छे नै होइन । मैले आफ्नो यही विचारलाई व्यक्त गरी दुवै जनालाई अर्थात् प्रेमबहादुर कंसाकार र गणेशमान सिंहलाई जबाफीपत्र देखिपठाएँ ।

नेपाली राष्ट्रिय कांग्रेस संगठनात्मक रुपले फुटी दुई समूहहरुमा विभाजित भएको केही महिनापछि नै रेग्मी समूहको कार्यालय सचिवको रुपमा कार्यरत भइरहेका पुष्पलालको डा.डिल्लीरमणप्रतिको मोह भंग भएछ र त्यसको साथसाथै कांग्रेस पार्टीको वर्गचरित्रको कारणले त्यसको नेतृत्वमा नेपाल र नेपाली जनताको मुक्ति हुन सक्दैन भन्ने पनि उनलाई लागेछ । नेपालको पूर्ण राष्ट्रिय सवाधीनताको प्राप्ति र नेपाली जनताको वास्तविक मुक्ति मार्क्सवाद-लेनिनवाद र सर्वहारा अन्तराष्ट्रवादको सैद्धान्तिक आधारमा गठित नेपाली मजदुर वर्गको पार्टी, कम्युनिस्ट पार्टीको नेतृत्वमा मात्र हुन सक्ने विचार आएपछि उनले बंगालका कम्युनिस्ट नेताहरुको सल्लाह र सहयोगले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्ने दृढ निश्चय गरे । त्यसरी निश्चय गरिसकेपछि उनले सेन्ट्रल जेलको गोलघरमा कम्युनिस्ट पार्टी गठन गर्नेबारे मेरो सहमतिको निम्ति आग्रह गरी कलकत्ताबाट मलाई चिठी लेखी पठाए । सो चिठ्ठी प्राप्त भएपछि मलाई अति, अति नै खुसी लाग्यो र मैले तुरुन्तै उनलाई त्यस कार्यमा मेरो पूर्ण समर्थन र सहमति छ भन्ने जाहेर गरी जवाफ लेखिपठाएँ । २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरिसकेपछि उनले त्यसबारे जानकारी दिई अर्को पत्र पठाए ।

२००७ सालको कात्तिकमै जहानियाँ राणा शासनविरुद्ध 'क्रान्ति' सुरु भइसकेको रहेछ । तर त्यस समय अज्ञात कारणबस हाम्रो जेल बाहिरसितको सम्पर्क अवरुद्ध भइरहेको हुँदा हामीहरु उक्त सशस्त्र संघर्षबारे विल्कुलै अनभिज्ञ रह्यौं- यहाँसम्म कि नेपाली राष्ट्रिय कांग्रेस (बीपी ग्रुप) र सुवर्णशमशेरको नेतृत्वमा गठित नेपाल प्रजातान्त्रिक कांग्रेस मिलेर नेपाली कांग्रेस बनेको तथा त्यसकै नेतृत्वमा उपरोक्त सशस्त्र संघर्ष सुरु भएको बारेमा पनि हामीहरुलाई थाहा भएन । न त भारतीय प्रधानमन्त्री पं.नेहरु र अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर जबराको बीचमा जनरल केशर शमशेरको नेतृत्वमा नयाँ दिल्ली गएको राणा शासनको प्रतिनिधिमण्डलमार्फत दिल्ली सम्झौता भएको नै थाहा भयो । सोही सम्झौताको परिणामस्वरुप आम माफी अन्तर्गत सबै राजबन्दीहरुलाई रिहा गर्ने निर्णय भएको रहेछ । त्यो पनि हामीहरुलाई थाहा थिएन ।

एक दिन अचानक राणा सरकारका ४-५ जना उच्च पदस्थ अधिकृतहरु सेन्ट्रल जेलको जेलरको कार्यालयमा आए । गोलघरमा थुनिएका राजबन्दीहरुमध्ये म, टंकविलास गुरुभाजु र अरु एकजना समेत गरी तीन जनालाई जेलरको कार्यालयमा बोलाइयो । हामीहरु गयौं र बोलाउनुको कारणबारे सोध्यौं । ती अधिकृतहरुमध्ये एक जना सरदार पनि थिए । (उनको नाम याद भएन) र उनकै नेतृत्वमा ती अधिकृतहरु आएका रहेछन् । सरदारले अलि गम्भीर भएर भने- 'तपाईंहरुलाई महाराज (अर्थात राणा प्रधानमन्त्री) बाट निगाह भई रिहा गर्ने हुकुम भएको छ । तपाईंहरु बाहिर निस्किन आवश्यक तयारी गर्नोस् ।' अनि मैले सरदारसँग प्रश्न गरेँ- 'हामीहरुलाई मात्रै ? टंकप्रसादजीहरुलाई होइन ?' मेरो प्रश्नको उत्तर दिँदै उनले भने- 'उनीहरुलाई पनि हो । तर सबभन्दा पहिले तपाईंहरुलाई । क्रमैसँग उहाँहरुलाई पनि रिहा गरिने हो ।' उनले हामीलाई प्रस्टसँग आम माफी भएको बारेमा केही भनेनन्, सबैलाई रिहा गर्ने मात्र भने । अनि मैले उनलाई भनें- 'त्यसो हो भने हामीहरु मात्रै बाहिर निस्किन चाहँदैनौं । टंकप्रसादजीहरु लगायत भद्रगोल जेलका सबै राजबन्दीहरु एकसाथ बाहिर निस्किन्छौं । कृपया यही व्यवस्था मिलाउनुहोस ।'

मैले भनेका कुरा उनलाई उचित लागेछ क्यारे । उनले तुरुन्तै जवाफ दिए- 'तपाईंले भन्नुभएको कुरा मनासिब छ । म यही कुरा जाहेर गरौंला ।' यति कुराकानी भएपछि ती अधिकृतहरु फर्केर गए । हामीहरु पनि गोलघरमा फर्क्यौं र उनीहरुसँग भएका कुराहरु सबै साथीहरुलाई सुनायौं । सबैले हामीहरुले लिएको अडानलाई समर्थन गरे । अनि हामीहरु सबै गोलघरको छतमा चढेर भद्रगोल जेलमा टंकप्रसादजीहरुलाई ठूलो स्वरले बोलायौं । हामीहरुले बोलाएको सुनेपछि टंकप्रसादजी, खड्गमानजी, चुडाप्रसादजी र रामहरिजीहरु भद्रगोल जेलका छतहरुमा उक्लनुभयो । अनि हामीले ती उच्च पदस्थ अधिकृतहरु हामीहरुलाई रिहा गर्न आएको र हामीले उनीहरुसमक्ष लिएको अडानबारे बतायौं । उहाँहरुले पनि हामीहरुले लिएको अडानलाई समर्थन गर्नुभयो ।

हामीहरु आम माफी अन्तर्गत जेलबाट छुटने निश्चित भएपछि अर्थात् १०४ वर्षे लामो राणा शासनको अन्त्य हुने पनि निश्चित भएपछि जेलका चौकिदार र नाइकेहरुले हामीहरुलाई खुसी पार्न बाहिरका हालखबरहरुको साथसाथै नेपाली कांगेसको काठमाडौं जिल्ला कमिटीको नजामले छरिएका पर्चाहरु (जो वास्तवमा भारतीय राजदुताबासद्वारा छरिएका रहेछन्) ल्याइदिने गर्न लागे । जुलुसहरु पनि बिहानदेखि साँझ अबेरसम्म अटुट रुपले निस्किरहन्थे । त्यस्तै एउटा जुलुस त सेन्ट्रल जेल र भद्रगोल जेलका हामी राजबन्दीहरुलाई जेलबाट निकाल्न सेन्ट्रल जेलको ढोका नजिकै आइपुगेको थियो । जुलुस त्यहाँ आइपुग्ने बित्तिकै सेन्ट्रल जेलको छतबाट सैनिक जवानहरुले जुलुसमाथि गोली बर्साउन थाले, जसमा गणेशमानका भाइ (काकाको छोरा) भोगेन्द्रमान सहिद भए भने मारिने ४-५ जना केटाहरु सेन्ट्रल जेलभित्र ल्याइएका थिए र तिनीहरुका पार्थिव शरीरहरु बेपत्ता पारिएका थिए ।

उपरोक्त घटना भएको केही दिनपछि नै हामीहरुको माग अनुसार अघि निर्णय भए मुताविक सेन्ट्रल जेलको गोलघरका हामीहरु र भद्रगोल जेलका खड्गमान सिंह बस्नेत, टंकप्रसाद आचार्य लगायत रामहरि शर्मा, चुडाप्रसाद शर्मा, गोविन्दप्रसाद उपाध्याय र २००५ सालको जनआन्दोलनको सिलसिलामा जेल हालिएका राजबन्दीहरु सबै एकसाथ जेलबाट निस्किने दिन आइपुग्यो । त्यो दिन २००७ साल माघ महिनाको अन्त्यतिरको दिन थियो ((तिथिमिति) याद भएन) । त्यो दिन बिहान ८ बजेतिर जेलर र चौकिदार हरुले हामीहरुको नेल र सिक्रीहरु खोले । नेल सिक्री खोलिएपछि अचानक गोडाहरु थिचेर बसेका ६-७ धार्नीको बोझ हटाइँदा हामीलाई आफ्ना गोडाहरु यति हलुँगो महसुस भयो कि हामीहरु साँझसम्म राम्ररी हिंड्न पनि नजानेको जस्तै भयो ।

बाहिर निस्किने समय जति जति नजिक आयो, उति उति नै आफूहरुले झन्डै चार वर्षसम्म भोगेको यातनास्थलहरु अर्थात् गोलघरका ती डन्जन कोठाप्रति माया लाग्न थाल्यो । हामीहरु ठीक १२ बजे दिउँसो जेलबाट बाहिर निस्क्यौं, तर पाटनको एक जना राजबन्दी (जसले पछि नेपाली कांग्रेसमा प्रवेश गरे) को नाम लगतमा नभएकाले उनको रिहाइको निम्ति स्पेसल अर्डरका लागि मिलिटरी जेलर कप्तानले तीन चार पटकसम्म सिंदरबार धाउनु परेकाले साँझ अँध्यारो भएपछि मात्र हामीहरु सबै एकसाथ छुटेर जुलुसको रुपमा गएर यटखा बहालमा पुगेर आमसभामा परिणत भयो । त्यस जनसभाको एकल वक्ता हुनुहुन्थ्यो २२ वर्ष लामो कारावासपछि मुक्त गरिनुभएका वरिष्ठ राजनीतिक नेता खड्गमानसिंह बस्नेत ।

# तोरीको तेल कति उपयोगी ?

तोरीको तेल खास गरी भारतीय उपमहाद्विप, रोम र ग्रिसमा हजारौं वर्षदेखि लोकप्रिय रहँदै आएको छ । सबैभन्दा पहिले यो ३ हजार बीसीमा भारतीय उपमहाद्विपमा खेती गरिएको अनुमान गरिएको छ । दार्शनिक हिप्पोक्रेटसले तोरीका दानालाई केही निश्चित खालका औषधि बनाउन प्रयोग गर्थे । रोमनहरुले यसलाई रक्सी बनाउन प्रयोग गर्थे भने ग्रिकका प्रख्यात गणितज्ञ पाइथागोरसले बिच्छीले टोकेको उपचारमा प्रयोग गर्थे । यसका साथै तोरीको तेल भारत तथा नेपालमा खाना पकाउन प्रयोग हुँदै आएको छ ।

तोरीको तेलमा ६० प्रतिशत मोनोस्याचुरेटेड फ्याट (मुफा), २१ प्रतिशत पोलीअनस्याचुरेटेड फ्याट (पुफा) र १२ प्रतिशत स्याचुरेटेड फ्याट पाइन्छ । यी फ्याटी एसिडलाई असल फ्याट भनिन्छ । यी चिप्लो पदार्थ मुटुको धमनीका भित्तामा गएर बस्न सक्दैन । यसमा कार्बोहाइड्रेट, फाइबर, प्रोटिन, भिटामिन र मिनरल पाइँदैन ।

तरकारीको महत्वपूर्ण स्रोत भएकाले यसमा अल्फा लिनोलेनिक एसिड तथा ओमेगा फ्याटी एसिड हुन्छन् । एक चम्चा तोरीको तेलमा ०.८ ग्राम ओमेगा ३ फ्याटी एसिड पाइन्छ । यस्तै, एक टेबलचम्चा तेलमा १२४ क्यालोरी पाइन्छ । जसमा १४ ग्राम फ्याट हुन्छ । जसमध्ये ८.३ ग्राम मोनोस्याचुरेटेड फ्याट पाइन्छ, जुन ओलिभ आयल, अंगुरको बियाँ र बदामको तेलजस्तै हुन्छ ।

मुटुका लागि उपयोगी तोरीको तेलमा मोनोस्याचुरेटेड र पोलिअनस्याचुरेटेड फ्याटी एसिड प्रशस्तमात्रामा पाइन्छ । यसका साथै ओमेगा थ्रि र ओमेगा सिक्स फ्याटी एसिड पनि पाइन्छ । यी फ्याटी एसिडले मुटु रोगको खतरा ५० प्रतिशतले कम गर्न मद्दत पुऱ्याउँछन् । तोरीको तेलमा हाइपोकोलेस्टेरोलेमिक (कोलेस्टेरोल घटाउने) र हाइपोलिपिडेमिक (लिपिड घटाउने) तत्व पाइन्छ । यसले एलडीएल (खराब) कोलेस्टेरोल घटाई र एचडिएल (असल) कोलस्टेरोल बढाउँछ । यसबाट मुटु रोगको खतरा कम हुन्छ ।

क्यान्सरको खतरा घटाउँछ । अनुसन्धानहरुबाट तोरीको तेलमा क्यान्सरविरुद्ध लड्ने तत्व पाइएको छ । यसमा पाइने लिनोलेनिक एसिड ओमेगा थ्रि फ्याटी एसिडमा परिवर्तन हुन्छ, जसले पेट तथा कोलोन क्यान्सर रोकथाम गर्छ । साउथ डकोटा युनिभर्सिटीको टोलीले गरेको अनुसन्धानले पनि यही कुरालाई प्रमाणित गरेको छ । उनीहरुले कोलोन क्यान्सर लागेको मुसामा तोरी, मकै र माछाको तेल प्रयोग गरेका थिए । तीमध्ये तोरीको तेलले बढी काम गरेको पाइएको थियो ।

प्राकृतिक शक्तिबर्द्धक तोरीको तेललाई प्राकृतिक शक्तिबर्द्धकका रुपमा लिइन्छ । तोरीको तेलले छालामा मसाज गर्दा रक्तसन्चार प्रणाली र पसिना ग्रन्थीमा सुधार ल्याउँछ । यसका साथै यसले पाचन प्रणालीमा सुधार ल्याउँछ । चिसो र रुघा निको पार्छ तोरीको तेल लामो समयदेखि चिसो हटाउने प्राकृतिक पदार्थका रुपमा प्रयोग हुँदै आएको छ । यसमा तातो बनाउने तत्व हुन्छ, जसले श्वासप्रश्वास नलीलाई सफा पार्छ ।

रुघा लागेको बेला तातो पानीमा जिरा र केही चम्चा तोरीको तेल हालेर बाफ लिने हो भने रुघा निको हुन्छ र घाँटी सफा पार्छ । जोर्नी दुख्ने र बाथ निको पार्छ तोरीको तेलले नियमित मसाज गर्ने हो भने शरीरमा रक्तसन्चार बढाई जोर्नी दुख्ने र बाथको समस्या निको हुन्छ । यसमा हुने ओमेगा थ्रि फ्याटी एसिडले बाथसम्बन्धी दुखाईलाई हटाउने तत्वका रुपमा काम गर्छ । शरीरका अंगहरुको कार्यमा सुधार ल्याउँछ तोरीको तेलले मसाज गर्ने हो भने शरीरमा रक्तसन्चारलाई बढाई ताजा महसुस गराउँछ र अंगहरुको कार्यक्षमता पनि बढ्छ । नवजात शिशुलाई तोरीको तेलले मसाज गर्ने चलन धेरै देशमा छ । यसले शरीर बलियो बनाउने, स्वास्थ्य राम्रो बनाउने र ताप दिने कुरा अध्ययनबाट पनि प्रमाणित भएका छन् ।

दममा उपयोगी : दम यस्तो रोग हो, जसको कुनै उपचार छैन । तर तोरीको तेलको उपयोगले यसको लक्षण र प्रभावलाई व्यवस्थित गरी घटाउन सकिन्छ । यो दमका लागि सबैभन्दा बढी प्रभावकारी सुरक्षित उपाय हो । खैरो तोरीको तेल छातिमा लगाउने हो भने फोक्सोमा हावाको आपूर्ति बढ्छ । एक टेबलचम्चा शुद्ध तोरीको तेललाई महमा मिसाएर दिनको तीनपटक खाने हो भने दमको आक्रमणलाई रोक्न सकिन्छ । यसका साथै तोरीको तेलले मष्तिष्कको कार्यक्षमता बढाउँछ । दाँत सेतो बनाउँछ र दाँतसम्बन्धी समस्या हटाउँछ । छाला स्वस्थ बनाउन मद्दत गर्छ । शरीरका काला धब्बा हटाउँछ । प्राकृतिक सनस्क्रीनको काम गर्छ । छाला सुख्खा हुन दिँदैन र संक्रमणबाट जोगाउँछ । कपाल झर्नबाट जोगाउँछ । सुख्खा हुन दिँदैन । कपाल चाँडै फुल्न दिँदैन । तोरीको तेल चायाँ पर्न दिँदैन ।

# वनिताद्वारा स्रष्टाहरू सम्मानित





काठमाडौं । भाषा, कला, साहित्यको उन्नयनमा समर्पित वनिता त्रैमासिक साहित्यिक पत्रिकाले आफ्नो २१ औं वार्षिकोत्सवका अवसरमा गत शनिबार राजधानीमा सातजनालाई पुरस्कृत र २३ जनालाई अभिनन्दन गरेको छ । वनिताका सम्पादक साहित्यकार लक्ष्मी उप्रेतीको सभापतित्वमा सम्पन्न कार्यक्रममा पूर्वशिक्षामन्त्री एवं वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितले सबै स्रष्टालाई पुरस्कृत र अभिनन्दन गर्नुभएको थियो । वनिता गोपालप्रसाद रिमाल पुरस्कारबाट अक्षरशिरोमणि मदनमणि दीक्षित, वनिता श्री साहित्य शिरोवर्तीबाट रोचक घिमिरे एवं नगेन्द्रराज शर्मा र वनिता श्री डा. नरेन्द्र चापागाईं समालोचक शिरोवर्तीबाट डा. तुलसी भट्टराईलाई अभिनन्दन गरिएको हो । कार्यक्रममा मोहन दुवाल, डा. शंकर उप्रेती, पूर्वराजदूत डा. रामभक्त ठाकुर, पूर्वराजदूत प्रल्हादकुमार प्रसाईं, रामप्रसाद पन्त, विन्दु सुवेदी लगायतलाई अभिनन्दन गरियो ।

कार्यक्रममा भद्रकुमारी-उषा ठाकुर भाषा वनिता श्री पुरस्कारबाट प्राडा वासुदेव त्रिपाठी, देवकुमारी थापा बालसाहित्य वनिता पुरस्कारबाट केदार शाक्य, व्यथित काव्य पुरस्कारबाट मणि लोहनी, वसु श्री मधु विशेष पुरस्कारबाट तेजेन्द्र प्रसाई, वनिता जलेश्वरी बालप्रतिभा पुरस्कारबाट अभिज्ञा सिटौला र बबिता बस्नेत पाँच हजार नगदसहित पुरस्कृत भए । वनिता श्री पुरुषोत्तम पाण्डेय गीतसंगीत पुरस्कारबाट टीका प्रसाई र वनिता श्री उन्नति गीतसंगीत पुरस्कारबाट विश्व नेपाली १० हजार नगदसहित पुरस्कृत भए । वार्षिकोत्सवमा 'सम्झनाका आलोकमा बालापन' शीर्षकमा वनिताको विशेषांक विमोचन गरिएको थियो ।

प्रज्ञाप्रतिष्ठानको खचाखच भरिएको पारिजात संवाद कक्षमा सम्पन्न कार्यक्रममा साहित्यकार रोचक घिमिरे, भद्राकुमारी घले र प्रमुख अतिथि मोदनाथ प्रश्रितले सम्बोधन गर्नुभएको थियो । सभापतिको आसनबाट सबैलाई स्वागत गर्दै वनिताकी सम्पादक लक्ष्मी उप्रेतीले नेपाली भाषा साहित्यको उन्नयनमा वनिता सधैं लागिपर्ने बताउनुभयो । चर्चित गायिका टीका प्रसाईं, गायक विश्व नेपाली र बालकलाकारहरुको सांगीतिक प्रस्तुतिले कार्यक्रमलाई रोचक बनाएको थियो ।

# पेरिस : कलात्मक सहरमा अकलात्मक यौनाचार-४

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**



### पेरिसको यौनबजार

धेरै वर्षअघिदेखि यौनबजारमा श्रेष्ठता ओगट्दै आएको पेरिसको यौन अनैतिकता र अश्लीलताले मजस्तो पूर्वीयलाई चकाचौंध पारेका हुन्छन् । पेरिस सहरको पिगाल त रङ्गीन रात्रिजीवन र यौनबजारको मुटु नै रहेछ । यतातिर टहल्दा यहाँको यौनसंसार यति चरम सीमामा पुगेको हुन्छ भन्ने मैले पहिले कल्पनासम्म गरेको थिइनँ । साँझ पर्दै आएपछि पेटीको छेउतिर उभिएर इन्तजार गरिरहने युवतीहरूसँग मोलतोलको सौदा गर्नु त दालभात खाएजस्तै साधारण र सजिलो रहेछ । नाठो खेलाउने तर फुँडी भनिन नरुचाउने यिनीहरूको मनपर्दो सङ्केतात्मक सभ्य नाम रहेछ- 'पेटीमा काम गर्ने केटी' । त्यतातिर तपाईंकहाँ आएर कथम् यी केटीहरूले 'यु नो, आई वर्क अन द साइड वाक' भनी आफ्नो व्यवसाय सानदारसँग व्यक्त गरेको सङ्केत तपाईंले बुझ्न सक्नुभएन भने तपाईंजस्तो व्यक्ति त्यहाँ लट्ठक बनिन पुग्नुहुने रहेछ । त्यतातिर भरभराउँदो जवानीदेखि वेश्यावृत्तिमा लागेका तर



अहिले अधबैंसे कुरूपजस्तै भइसकेका हेर्दैमा घिनलाग्दा, समयले लात हानेका आइमाईहरू पनि यत्रतत्र छरिएका हुँदा रहेछन् ।

कलकलाउँदा केटीहरूको नग्न अङ्गहरू उदाङ्गिएका 'स्ट्रिपटिज' (सम्भोगक्रिया प्रत्यक्ष देखाउने स्थान) का ठूलाठूला विज्ञापनपाटीले सडकमा छेउ लागेर हिँडिरहेका मानिसहरूलाई मोहित पारेका हुन्छन् त बार रेस्टुराँहरूमा पस्दा 'ट्रान्सप्यारेन्ट अन्डरवेयर' (छर्लङ्ग देखिने लँगौटी) लगाएका युवतीहरू झुम्मिन आउने क्रिया उहिले पनि थियो रे, र अहिले पनि छँदै छ । झन् यहाँको 'सेक्स सप' हरूमा पसेर हेर्दा यौनतृप्तिका विभिन्न नौला आश्चर्यलाग्दा साधनहरू देखेको हुन्छु । कहाँसम्म भने पुरुषहरूका लागि रबरको स्त्री-योनि पाइन्छ त स्त्रीहरूका लागि कृत्रिम पुरुष-लिङ्ग ।

**अहो, तपाईंको कस्तो सुकोमल विचार !**

अन्त्यमा एउटा पुरानो हँस्यौली उपहास उल्लेख गरिहालौं । आफ्नी मरेकी पत्नीको अन्त्येष्टिक्रियामा लगाएर हिँड्नका लागि एक चोटि एक जना अङ्ग्रेजलाई पेरिसमा कालो टोपीको आवश्यकता परेछ । अतः उसले दुई-चारओटा रेडिमेड कपडापसलहरूमा 'क्यापट अङ्ग्लेज' (जसको अर्थ अङ्ग्रेजी टोपी हो) का निमित्त सोधपुछ गर्दा पाउन सकेको हुन्न । तर कस्तो विडम्बना ! अङ्ग्रेजहरूले कन्डमलाई फ्रेन्च लेदर भनी सम्बोधन गरेझैँ फ्रान्समा यसलाई क्यापट अङ्ग्लेज भन्ने चलन रहेछ । बिचरा अङ्ग्रेज महाशयलाई यस कुराको के पत्तो ! उसलाई यो औषधीपसलमा पाइन्छ भनी एक जना भलादमीले भनिदिएछ र सोझै ऊ त्यहाँ पुगेछ । केमिस्टले पनि आश्चर्य मान्दै सोधेछ- "महाशय, तपाईंलाई कालो रङ्गको नै किन चाहियो र ? अरू रङ्गको भए हुन्न ?" उसले जब आफ्नी मृत पत्नीको अन्त्येष्टिक्रियामा लगाएर हिँड्नका निमित्त भन्ने आशय प्रकट गऱ्यो तब मात्र त्यस केमिस्टले वास्तविकता थाहा पायो । रातो-कालो मुख लगाएको त्यस पसलेले अङ्ग्रेज महाशयसँग केवल क्षमायाचना गर्नुका साथै उसले भनेको हुन्छ- 'आ, वइ, क्वेले डेलिकार्टस !' (अहो, तपाईंको कस्तो सुकुमार कोमल विचार !)

हाँसोका साथै अन्तस्करणको एकातिर एउटा प्रश्न रुमलिन थाल्छ । आफ्नै देशमा कन्डमको नेपाली नामकरण हुँदा मोटो रकमको पुरस्कारपछि हुन आएको ढालको सम्झना हुन पुग्छ । हाम्रा पुर्खा नेपाली वीरहरू रणक्षेत्रमा जाँदा आत्मरक्षाका निम्ति लिएर जाने ढाललाई कुनै विदेशीले अवलोकन गर्न चाहेमा हाम्रा युवक गाइडहरूले छाउनीको राष्ट्रिय सङ्ग्रहालयमा लगेर यसलाई देखाउनुको सट्टा खुद्रा पसलमा पाउने कन्डमलाई प्रस्तुत गरेमा वा लक्ष्य गरेमा हामीले आफैँले आफैँलाई उपहास गरेको जस्तो नपर्ला त ?

पेरिसबाट फर्कदा मलाई हाँसो मात्र लागेन अपितु धेरै नयाँनयाँ कुराहरूको ज्ञान पनि भयो । खास गरी यातायात-सञ्चारको नयाँ प्रविधि, पर्यटनको द्रुततर विकास र दर्शनीय स्थलहरूको प्रशस्त अभिवृद्धिचाहिँ पेरिस भन्ने नामको स्मरण गर्नासाथै अगाडि आउने कुराहरू हुन् भन्ने धारणा मेरो मनमा अटल रूपमा रहन लाग्यो ।

# सन् २०१४ का "चायवाल" मोदी अहिले बने "चौकिदार"




विष्णु भट्टराई

आगामी महिनादेखि सुरु हुने भारतीय लोकसभा निर्वाचनको ज्वरोले भारतीय राजनीतिलाई तताइरहेको छ। भारत सन् १९४७ मा ब्रिटिश उपनिवेशबाट मुक्त भएपछि १७ औं लोकसभा निर्वाचनमा होमिएको छ। सत्तारुढ भारतीय जनता पार्टीले केही प्रमुख क्षेत्रमा उठ्ने उम्मेदवार हरुको सूची सार्वजनिक गरेको छ र यो क्रम जारी छ। यसपटकको आम निर्वाचनमा पनि भाजपा र कांग्रेसबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ। २०१४ को १६ औं लोकसभा निर्वाचनमा 'गुजरात विकास मोडल' देखाउँदै चायवालाका रुपमा चुनावी रणमैदानमा उत्रिएका नरेन्द्र मोदीले भाजपालाई सत्तामै पुऱ्याए। राष्ट्रिय स्वंसेवक संघ 'आरएसएस' को राजनीतिक पृष्ठभूमिबाट उदाएका मोदी गुजरातको मुख्य मन्त्री हुँदै १ अर्ब ३५ करोड जनसंख्या भएको विशाल भारतको प्रधानमन्त्री बने। भारतको यो जनसंख्या सिंगो युरोपको भन्दा बढी हो। यही कारण भारतलाई विश्वकै ठूलो लोकतान्त्रिक मुलुकका रुपमा चिनिन्छ। यति धेरै जनसंख्या र भूगोलका हिसाबले पनि रुस, चीन, ब्राजिल र संयुक्त राज्य अमेरिका सँगसँगै गनिने भारतमा हुन गइरहेको आम निर्वाचनलाई विश्व जगतले पनि उत्सुकतापूर्वक नियाल्नु स्वाभाविक छ।

आजको ५४ दिनमा सुरु हुने भारतीय लोकसभा निर्वाचनमा जनमत आफूतिर आकर्षित गर्न भाजपा, कांग्रेस दुवैबीच रस्साकस्सी चलिरहेको छ। भाजपाले फेरि पनि प्रधानमन्त्रीमा नरेन्द्र मोदीलाई नै अघि सारेको छ। तर कांग्रेसले भने प्रधानमन्त्रीको नाम सार्वजनिक गरेको छ। भाजपाविरुद्ध कांग्रेसले अन्य क्षेत्रीय दलहरुसँग महागठबन्धन बनाएको छ। सातवटा राज्यबाहेक अन्य राज्यमा कांग्रेस भाजपासँग एक्लै भिड्दैछ। यता भाजपाले पनि चुनावी गठबन्धन एनडीए तयार गरेर चुनावमा भिड्दैछ। कांग्रेस नेतृत्वको युपिए र भाजपा नेतृत्वको एनडीएमध्ये कसले चुनाव जित्ने हो त्यसको अक्टोपस भविष्यवाणी गर्ने बेला भइसकेको छैन।

सन् २०१४ को लोकसभा निर्वाचनमा मोदीलाई भाजपाले चायवालाका रुपमा प्रस्तुत गर्दै नमो अभियान चलाएको थियो। यसपटकको निर्वाचनमा मोदी स्वयंले आफूलाई चौकिदारका रुपमा जनसमक्ष उभ्याएका छन्। भारतमा २५ लाख बढी चौकिदारहरु छन्। मोदीले भिडियोमार्फत चौकिदारहरुलाई सामूहिक सम्बोधन मात्र गरेका छैनन्- उनीहरुसँग प्रत्यक्ष संवाद पनि गरेका छन्। मोदीले आफूलाई चौकिदार घोषणा गरेपछि भारतको आमआद्मी पार्टीका विधायक अलका लम्बाले चौकिदार त हामी नेपालबाट पनि मगाउन सक्छौं भनेर ट्विट गरेपछि उनी विवादमा तातिइन्। कांग्रेस प्रवक्ता त्यागीले पनि चौकिदार नेपालबाट मगाउँला भनेर बोलेपछि भाजपाका वरिष्ठ नेता केसी त्यागीले नेपाल सार्वभौम देश



हो। नेपालीहरु सार्वभौम सत्ता सम्पन्न छन् उनीहरुको अपमान नगर्न भन्दै सुझाएका छन्। भारतीय निर्वाचनमा चौकिदारले निकै दंगामा मच्चाइरहेको छ।

मोदीले आफूलाई चौकिदार मोदी ब्लग लेखेपछि सुष्मा स्वराज लगायत अन्य मन्त्रीहरुले पनि ब्लग बदल्दै अगाडि चौकिदार थपेका छन्। भाजपाका अन्य वरिष्ठ नेताहरुले पनि फेसबुकमा चौकिदार शब्द झुण्ड्याएका छन्। चौकिदारको अर्थ हो पहरेदार। रातभरि नसुती मालिकको घर अथवा उसका उद्योगहरुको पहरेदारी गरेर सीमित रकम कमाउँछन् चौकिदारहरु। दिल्ली, मुम्बई, अमृतसहर, लुधियाना, हरियाणा, गाजियावाद, लखनऊ, गुडगाउँ लगायतका थुप्रै भारतीय सहरहरुमा नेपाली चौकिदार हरुको संख्या उल्लेख्य छ। भारतीय चुनावमा नेपाल चौकिदारहरुको देश भएको भनाइ जिम्मेवार नेताबाट आउँदा नेपाल सरकारले भारतीय राजदूतलाई बोलाएर स्पष्टीकरण लिनुपर्ने हो।

प्रधानमन्त्री मोदीले भारतीय जनता पार्टी (बिजेपी) को 'म पनि चौकीदार' अभियान सुरु गर्दै भनेका थि, 'तपाईका चौकीदारहरु देशभरि सेवा गरिरहेका छन्, म एक्लो छैन। हरेक व्यक्ति जो भ्रष्टाचार, गलत काम, सामाजिक विकृतिका विरुद्धमा लड्छन्, ती सबै चौकीदार हुन्।' हुन त मोदीले आफूलाई चौकीदारसँग तुलना गरेको यो नै पहिलो घटना होइन। उनले सन् २०१४ को निर्वाचनमा पनि आफू भारतका चौकीदार बन्न चाहेको प्रसंग उठाएका थिए।

चौकीदारले पैसा र सम्पत्तिको सुरक्षा गरे झैं आफूले देशको संरक्षण गर्न चाहेको उनको आशय थियो। अघिल्लो निर्वाचनमा चौकीदारको प्रसंग उल्लेख गरिएपनि उनले आफूलाई चियावालको रुपमा बढी प्रस्तुत गरे। यसको प्रभाव चुनावमा पनि देखियो र उनको पार्टी बहुमतसहित सत्ताको नेतृत्व गर्ने अवस्थामा आयो। भारतमा आगामी ११ अप्रिलबाट विभिन्न ७ चरणमा गरी लोकसभा निर्वाचन सम्पन्न गरिँदैछ। त्यसकारण यो निर्वाचन जित्नका लागि भारतका सबै राजनीतिक दलहरु मतदातालाई आफ्नो पक्षमा पार्न प्रयास गरिरहेका छन्। ेदीको अभियानलाई यसैको एउटा कडीका रुपमा लिइएको छ।

चौकीदार शब्दले नै भारतको राजनीतिलाई यसरी ध्रुविकृत गराउँछ भन्ने कसैले सोचेका थिएनन् होला। यो भिडन्त सबैभन्दा पहिले ट्विटरमा देखियो। प्रधानमन्त्री नरेन्द्र मोदी, भाजपा अध्यक्ष राहुल गान्धीले आफ्नो नामको अघि 'चौकीदार' शब्द थपे। मोदी र शाहको ट्विटमा थपिएको 'चौकीदार' शब्दलाई धेरैले मजाकका रुपमा लिए र तर एक पछि अर्को गर्दै गृहमन्त्री राजनाथ सिंह, विदेशमन्त्री सुस्मा स्वराज, पियुष गोयलसहित पूरै क्याबिनेट मन्त्रीले आफूलाई 'चौकीदार' करार गरे।

मोदी र शाहको यो अभियानमा भाजपाका नेताहरुले संगठित रुपमा चौकीदार लेखेजस्तै कांग्रेसका नेताहरुले पनि त्यसरी नै प्रतिउत्तर दिन थाले। जसले भारतको राजनीतिलाई दुइ ध्रुवमा विभक्त गरिदियो। तर मोदीले जुन चौकीदारको नारा घन्काए, त्यतिबेलासम्म विपक्षीको यतिधेरै संगठित विरोध आउला भन्ने सोचेका पनि थिएनन होला। अनि कांग्रेस अध्यक्ष राहुल गान्धीलाई गुजरात विधानसभा निर्वाचनसम्म मोदीले आफूलाई चौकीदारको रुपमा उभ्याएपछि दिएको जवाफमा यति दोहारो नी नै चल्छ र लोकसभा निर्वाचनसम्म यति चर्चामा आउँछ र ध्रुविकरणको नारा बन्छ भन्ने पनि ठानेका थिएनन्।




एउटा शब्द राजनीतिमा कसरी स्थापित हुन्छ र कसरी तमाम समस्याको ऐना बनेर देखा पर्छ भन्ने कुरा यो चौकीदार शब्दबाट पनि स्पष्ट हुन्छ। राहुल गान्धी र उनका सल्लाहकारले मोदीले आफूलाई चौकीदार भन्दा त्यससँगै 'चोर' तर्फ इशारा गरे। फलस्वरुप चौकीदारको पहरेदारीको क्षमतामाथि प्रश्न उठ्न थाल्यो। अब यसलाई चुनाव अघि नै ठीक ढंगले व्यवस्थापन गर्नुपर्ने चुनौती राहुललाई पनि थपिएको छ। उनले राहुलकै गृहराज्य गुजरातमा विधानसभा निर्वाचनका क्रममा चौकीदारमाथि हमला गर्न सुरु गरेका थिए। तर त्यसबेला उनले प्रधानमन्त्री मोदीको देशको चौकीदारी गर्ने क्षमतामाथि प्रश्न खडा गरेका थिए।

सन् २०१८ को नोभेम्बरमा उनले मोदीमाथि दमदार प्रहार गर्दै चौकीदार चोर भएको आरोप लगाए। तर मोदी आफ्नो अनुकुल यस्ता शब्दलाई प्रयोग गर्न माहिर देखिएका छन्। भाजपा केही महिनाअघि सम्म विभिन्न स्तरमा राजनीतिक ध्रुविकरण ल्याउन असफल भएपछि उसले 'म पनि चौकीदार र चौकीदार चोर भयो'लाई लिएर ध्रुविकरणको माहौल बनाइरहेको छ। यसलाई मोदी सरकार आगामी निर्वाचनमा राम्ररी उपयोग गर्ने मुडमा देखिएको छ।

राजनीतिमा नाराको भूमिका महत्वपूर्ण हुन्छ। यसरी दिइएको नाराले जति राम्रो भूमिका निर्वाह गर्न सक्यो, त्यति नै फाइदा हुन्छ भने यसबारे उल्टो ब्याख्याले जित्न थाल्यो भने घाँटीमा अड्किएको हड्डी पनि बन्न सक्छ। 'चौकीदार चोर है' को राहुल गान्धीको नारा के काँग्रेसका लागि यस्तै गलपासो बनेको छ भन्ने चर्चा पनि भइरहेको छ। मोदीको 'म पनि चौकीदार' भन्ने आक्रामक प्रचारले राहुललाई पछि पारेको देखिएको छ। तर पनि यसैलाई हेरेर कुनै निश्चित निश्कर्षमा पुग्न अहिले नै चायज नहोला र केही समय पर्खिनु उचित हुन्छ। समय समयमा लागेका राजनीतिक नाराको अध्ययन गर्ने हो भने धेरैजसो सकारात्मक नारा नै कामयाब बनेका उदाहरण हामी पाउँछौं। नकारात्मक नारा कसैलाई लक्षित गरेर लगाइन्छ भने त्यसले राम्रो प्रभाव छाडिरहन सक्दैन। नकारात्मक नाराले सम्बन्धित समूह र त्यसको प्रभावले अरु पनि निराश हुन पुग्छन्।

सन् १९७१ मा विपक्षी महागठबन्धन बन्यो र त्यसले 'इन्दिरा गान्धी हटाओ, देश बचाओ' भन्ने नारा दियो। इन्दिरा गान्धीले त्यसलाई पल्टाइन्। उनले भनिन्, 'म भन्छु गरिबी हटाऔं, उनीहरु भन्छन् इन्दिरा हटाओ।' यो निर्वाचनमा इन्दिरा भारी मतले विजयी भइन्।

विपक्षी गठबन्धनको गणित फेल भयो। आफ्ना विरुद्ध लागेको नारा पल्टाउने क्षमता जनाधार भएको नेतामा नै हुन्छ। सन् १९७७ को चुनावमा विपक्षीले नारा दिएका थिए, ' इन्दिराका देखो खेल, खा गई चीन पी गई तेल'। इन्दिरा गान्धीले यसलाई उल्टाउन सकिनन्। किनकि जनताहरु संकटकालको ज्यादतीका कारण उनीसँग रुष्ट थिए।

सन् २००७ मा गुजरात विधानसभा निर्वाचनमा सोनिया गान्धीले मोदीलाई 'मृत्युको सौदागर' भएको आरोप लगाइन्। सोनिया गान्धी र कांग्रेसले अहिलेसम्म पनि यो नाराबाट निम्तिएको नकारात्मक सन्देशको परिणाम भोगिरहेको छ र सायद अफसोस होला। आफ्ना तर्फ आउने तीरलाई विपक्षीतिर सोझ्याइदिन मोदीमा अद्भूत क्षमता छ।

गत लोकसभा निर्वाचनमा कांग्रेस नेता मणिशंकर अय्यरको 'चियावाल' र प्रियंका वाड्राको 'नीच' शब्नलाई उनले कसरी कांग्रेस विरोधी हतियारको रुपमा प्रयोग गरे भनेर फर्किएर हेर्न आवश्यक छ। सन् २०१३ मा उनलाई भाजपाले प्रधानमन्त्री पदको उम्मेदवारको रुपमा अघि सारेपछि मिडिया र राजनीतिक दलले गुजरात दंगालाई एक पटक फेरि बहसको केन्द्रमा ल्याएका थिए। मोदी र भाजपाले यसबारे प्रमाण नरहेको प्रष्टिकरण दिए। त्यसले उनीहरुको चुनावी अभियानमा ठूलो क्षति पुऱ्याउन पाएन।

*(भारतीय एजेन्सीहरुको सहयोगमा)*


# रेसुंगामा पर्यटकको चहलपहल बढ्दै

पर्यटन

रेसुंगाको वनैभरि फुलेका लालीगुराँस फूलले पर्यटकलाई लोभ्याइरहेको छ। गुल्मी जिल्लाको प्रसिद्ध एवं धार्मिक वन रेसुंगामा अहिले गुराँस फुल्न थालेपछि पर्यटकको चहलपहल बढ्न थालेको छ। वनैभरि राताम्य फुलेका गुराँससँग दिनभर रमाउने र फोटो खिचाउने युवायुवतीको चहलपहल बढिरहेको छ।

गुल्मी सदरमुकाम तम्घास बजारदेखि माथि रहेको रेसुङ्गा वनमा फुलेका गुराँस फूलले सबैको ध्यान तानिरहेको छ। अहिले यहाँ दिनहुँ सयौंभन्दा बढी आन्तरिक पर्यटक गुराँस फुलेको हेर्न जाने र रमाउनेको जमात बढ्दो छ। समुद्री सतहदेखि दुई हजार ३४७ मिटर उचाइ र तीन हजार ४०० हेक्टर क्षेत्रफलमा फैलिएको रेसुङ्गा वनैभरि गुराँस फूलले ढाकिएको छ।

फागुन/चैत महीनामा गुराँस फुल्न थालेपछि चहलपहल बढी हुने गरेको रेसुङ्गा वन संरक्षण समितिका सचिव मोतीप्रसाद खनाल बताउनुहुन्छ। "गुराँस फुलेको हेर्नकै निम्ति विभिन्न जिल्लाबाट आन्तरिक पर्यटक भित्रिने गरेका छन्, गुराँस फूलले सबै उमेर समूहका व्यक्तिलाई लोभ्याइरहेको छ", उहाँले भन्नुभयो। तम्घास बजारदेखि गाडीमा करीब आधा घण्टाको दूरीमा रेसुङ्गा वनमा पुगिन्छ भने पैदल हिँड्दा दुईदेखि तीन घण्टा समय लाग्छ। कोही गाडीमा, कोही पैदल



हिँडेर रेसुङ्गा वनमा पुगेर राताम्य फुलेका गुराँसका बोटमा चढेर फूलसँग रमाउने र फोटो खिचाउने गरेको देखिन्छ।

नेपालको राष्ट्रिय फूल गुराँस फुलेको दृश्यले मनका पीडा वेदना सबै हटाएको पाल्पाली सञ्चारकर्मी सुवास बिसीले बताउनुभयो। हरेक वर्ष गुराँस फुल्ने समयमा यस वनमा आएर फूलसँग रमाउने र आनन्द लिने गरेको उहाँले बताउनुभयो। 'गुराँस फूलले वनैभरि ढाकेको देख्दा नआऊँ भने पनि मनले पटक्कै मान्दैन, हरेक वर्ष गुराँस फूल फुलेकै हेर्न मात्र भए पनि रेसुङ्गा वनमा आइरहेको हुन्छु' उहाँले भन्नुभयो। अहिले सडक स्तरोन्नति भएपछि पनि विभिन्न ठाउँबाट गुराँस फुलेको अवलोकन भ्रमण गर्न आउनेको आकर्षण बढ्दै गएको रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति गुल्मीका पूर्वकार्यकारी निर्देशक नरेश भण्डारी बताउनुहुन्छ।

पौराणिक तथा धार्मिक महत्वसँग जोडिएको रेसुङ्गा वन लालीगुराँसका कारण पनि निकै प्रख्यात भएको छ। केही व्यक्तिले अवलोकन गर्न जाने निहुँमा फुलका हाँगा भाँच्ने र जथाभावीरूपमा फूल टिप्ने गर्दा सौन्दर्यलाई बिगार्ने गरेको पाइएको छ।

ठूलो क्षेत्रफलमा फैलिएकाले पनि यसको नियमित निगरानी गर्न समितिलाई कठिन परेको छ। यो फूलले सुन्दरता र सुगन्ध दिने मात्र नभई विभिन्न प्रकारका रोगलाई ठिक पार्ने भएको हुँदा पनि फूल टिपेर घरघरमा लगेर सजाएर राख्ने गरेको पाइन्छ। यस वनमा गुराँस फूलसँगै पाँचऔले, पाखनवेदजस्ता बहुमूल्य जडीबुटी पनि पाइन्छ। रेसुङ्गा वनले साविक ११ गाउँ विकास समितिलाई जोडेको छ। हालको रेसुङ्गा र मुसिकोट नगरपालिका, छत्रकोट, गुल्मी दरबार गाउँपालिकाको पानीको मूलस्रोत यही रेसुङ्गा वन रहेको छ।

# पत्रकारिता प्रशिक्षण तालिम

सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले एक कार्यक्रमबीच १० महिने पत्रकारिता प्रशिक्षण तालिमको ३५औं समूहको उद्घाटन गर्नुभयो।

प्रेस काउन्सिल नेपालको सहयोगमा नेपाल प्रेस इन्सिच्युटद्वारा सञ्चालन हुने आधारभूत पत्रकारिता तालिमको उद्घाटन गर्नुहुँदै सञ्चार मन्त्री बाँस्कोटाले मिडिया उद्योगको रुपमा उदाएको, उद्योगले कामदारलाई ज्याला नदिएमा वा कर नतिरेमा कानुनबमोजिम कार्वाही हुने धारणा राख्नुभयो। एउटा सन्दर्भमा बोलेको कुरालाई तोडमोड गरेर कतिपय मिडियाले आमनागरिकलाई आतंकित पार्ने खालका अराजक गतिविधि गरेकोप्रति चिन्ता व्यक्त गर्दै उहाँले भन्नुभयो– 'हरेक क्षेत्रमा आचारसंहिता हुन्छ, सबैले आचारसंहिताको पालना गर्नुपर्छ। स्वतन्त्रताको सीमा हुँदैन, असीमित हुन्छ तर मर्यादाको सीमा हुन्छ, मर्यादा उल्लघंन गरेर गरिने पत्रकारिताले समाज निर्माणको कारक बन्न सक्दैन। त्यो अराजक र भाँडतन्त्रको अगुवा हुन्छ। समाजको जीवन्तता भन्नु नै पत्रकारिता हो। मिडियासँग ठूलो तागत छ तर तागतको दुरुपयोग गर्नुभएन।'

प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले सम्माननीय राष्ट्रप्रमुखलाई जोडेर मिडियामा आएका आपत्तिजनक विषयवस्तुको उदाहरण प्रस्तुत गर्नुहुँदै काउन्सिलमा उजुरी बढ्दै गएको, पत्रकारको सम्पत्तिको सोधीखोजी हुन थालेको, भ्युअर बढाउने नाममा केही विद्युतीय मिडियामा आपत्तिजनक सामग्री प्रकाशित गरेर बहादुरी देखाउने गलत अभ्यास भैरहेकोप्रति चिन्ता व्यक्त गर्नुभयो।

कार्यवाहक अध्यक्ष श्रेष्ठले भन्नुभयो– 'निरपेक्ष स्वतन्त्रता हुन सक्दैन, अराजकतालाई प्रोत्साहन दिनका लागि मिडियालाई स्वतन्त्रता दिइएको होइन, आचारसंहिताको पालना गर्नैपर्ने कानुनको आवश्यकता छ। २६ बर्ष पुरानो काउन्सिल ऐनले छापा माध्यम केन्द्रित छ, न्यु मिडियालाई सम्वोधन गर्न सक्ने मिडिया काउन्सिल ऐन अत्यावश्यक छ, अब आउँदैछ।'

अध्यक्ष श्रेष्ठले दक्ष, व्यावसायिक पत्रकारको आवश्यकता पूर्तिका लागि दुई संस्थाबीच सहकार्यको शुरुवात भएको उल्लेख गर्नुभयो। यस बर्ष प्रेस काउन्सिलको ५० औं बार्षिकोत्सव (स्वर्णजयन्ती) मनाउन लागेको जानकारी गराउनुभयो।

नेपाल पत्रकार महासंघका महासचिव रमेश बिष्टले पत्रकारिता तालिमको सफलताको कामना गर्दै भन्नुभयो -"जिम्मेवार, उत्तरदायी र मर्यादित पत्रकारिता गरौं। सकारात्मक थुप्रै विषय हुँदाहुँदै पनि केही एकाध गैरजिम्मेवार गतिविधि भएको छ, यसलाई निस्तेज पार्नुपर्छ। हामी सच्चिन जरुरी छ। महासंघ जस्तोसुकै अवस्थामा रक्षाकवच हुन सक्दैन।"

प्रशासकीय अदालतका प्रमुख काशीराज दाहालले सञ्चारमाध्यम मान्छेको जीवनपद्धति भएकोले स्वतन्त्रता र मर्यादित दुबै विषयलाई सन्तुलित दृष्टिकोणबाट अघि बढाइनुपर्ने, मिडिया दीगो शान्ति, विकास र सुशासनको खम्बा बन्नुपर्ने धारणा राख्नुभयो।

प्रेस इन्स्टिच्युटका अध्यक्ष तथा पूर्व प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले संस्थाले ८ हजार बढीलाई पत्रकारिता तालिम दिई पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान गरेको बताउनुभयो।

इन्स्टिच्युटका महासचिव लक्ष्मण हुमागाईंले पञ्चायतकालमा अभिव्यक्ति स्वतन्त्रता बन्देज रहेका बेला व्यावसायिक पत्रकारिताको विकास गर्ने उद्देश्यले २०४१ सालमा स्थापना भई थुप्रै जनशक्ति उत्पादन गरेको बताउनुभयो। उहाँले कार्यक्रम उत्पादक संस्था तथा सामाजिक सञ्जाललाई समेत नियमन गर्नुपर्नेमा जोड दिनुभयो। *(रिपोर्ट : महेन्द्रराज सिंह)*

प्रेरक

## फूलको आँखामा फूलै संसार

गुरु द्रोणको आश्रममा पाण्डव र कौरव शिष्यहरुले शस्त्र विद्यामा राम्रै प्रगति गरिरहेका थिए । गुरु पनि प्रसन्न थिए । उनी आफ्ना शिष्यहरुको योग्यता जाँच्न अनेक परीक्षा लिन्थे ।

एक दिन गुरु द्रोणाचार्यले शिष्यको परीक्षा लिने विचार गरे । उनले दुर्योधनलाई बोलाएर भने- दुर्योधन, तिमी नजिकको गाउँबाट एकजना असल मान्छे खोजेर ल्याऊ । 'हवस् गुरुदेव' भन्दै दुर्योधन निस्किए । केही दिनपछि उनी एक्लै आश्रममा फर्किए । गुरुको अगाडि हात जोडेर उनले भने- 'गुरुदेव मैले धेरै गाउँ र सहरको भ्रमण गरेँ तर कुनै असल मानिस भेट्न सकिनँ ।

ठीकै छ तिमी दुःखी नबन भन्दै गुरुले युधिष्ठिरलाई भने-



'युधिष्ठिर, तिमी आसपासको गाउँमा जाऊ र एकजना खराब मानिस खोजेर ल्याऊ ।' हवस् गुरुदेव' भन्दै युधिष्ठिर बाटो लागे । केही दिनपछि उनी पनि एक्लै आश्रममा फर्किए । गुरुले सोधे- युधिष्ठिर तिमीले मैले भनेअनुसार खराब मानिस ल्यायौ त ?' हात जोडेर युधिष्ठिरले भने- गुरुदेव मैले सबैतिर खराब मान्छे खोजेँ तर त्यस्तो मान्छे कतै पनि पाइनँ । सबै राम्रा मान्छे मात्रै भेटिए । युधिष्ठिरको कुरा सुनेर सबै शिष्यले सोधे- 'गुरुदेव दुर्योधनले कोही पनि असल मान्छे भेटेनन् भने युधिष्ठिरले खराब मानिस भेटेनन् । यो कसरी सम्भव भयो ?

मुसुक्क मुस्कुराउँदै गुरु द्रोणले भने- यो सब आआफ्नै दृष्टिको प्रभाव हो । फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार भनेको यही हो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

काम गर्ने अवसर प्राप्त भए पनि प्रतिफल प्रतीक्षा गर्नुपर्ला । अरूको भरपर्दा आफ्नो काम प्रभावकारी काम नहुन सक्छ । परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला । आलोचकहरूलाई पनि व्यवहारले समेट्ने प्रयास गर्नुहोला । मिहिनेत गर्दा नियमित काम सम्पादन हुनेछन् । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला ।

### बृष

कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ । तापनि प्रबल इच्छाशक्तिले लक्ष्यमा पुऱ्याउनेछ । लगनशीलताले नयाँनयाँ काम गर्ने अवसरसमेत दिलाउनेछ । बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला । विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्दा धन लाभ भए पनि आत्मसम्मानमा बाधा पर्न सक्छ । मनोरञ्जनमा खर्च बढ्नेछ ।

### मिथुन

परिस्थितिले आँटेका काममा बाधा पुर्‍याउन सक्छ । वैधानिक प्रावधानले केही अप्ठ्यारो पार्नेछ भने अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ । सानातिना काममै अल्झनुपर्नेछ भने पहिलेका समस्या दोहोरिन सक्छन् । तापनि मिहिनेत गर्दा नियमित काम बन्नेछन् । थोरै भए पनि दिगो काम प्रारम्भ हुनेछ । केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ ।

### कर्कट

प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन् । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरू पछि पर्नेछन् । मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ ।

### सिंह

परिवेश सामान्य रहे पनि मनको डरले भने सताउनेछ । ठूला व्यक्तिहरूसँग मतभेद रहनेछ । तापनि बाहिर आलोचना गर्नेहरूले व्यवहारमा अवसर प्रदान गर्नेछन् । परिस्थितिवश सामान्य काममा बढी अलमल हुनेछ । आफ्ना कमजोरी बाहिरिने समय भएकाले गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । अरूको मुख नताकी कर्मयोगमा लाग्दा फाइदा उठाउन सकिनेछ ।

### कन्या

निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला । साथीभाइसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । नियमित काम सम्पादन भए पनि सहयोगीहरू पछि हट्न सक्छन् । आँटेको काममा पनि केही व्यवधान हुनेछ । प्रयत्न गर्दा भौतिक साधन जुटाउन सकिनेछ । सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ ।

### तुला

अवसर प्राप्त भए पनि अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ । आत्मविश्वासको कमीले काममा पछि परिनेछ । शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुस्ख पाइनेछ । खर्च हुने डरले सताउन सक्छ । आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । बुद्धिको उपयोगले केही काम सम्पादन हुनेछन् । मिहिनेतले विद्या तथा धन आर्जन गर्न सकिनेछ ।

### वृश्चिक

प्रतीक्षित नतिजा प्राप्त गर्न काम दोहोर्‍याउनुपर्ला । स्वास्थ्यका कारण लक्ष्यमा पुग्न समस्या पर्नेछ । अरूका लागि बुद्धि र समय खर्चनुपर्ला । तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ । आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् । पार्टी-भोजको अवसर प्राप्त भए पनि स्वास्थ्यका लागि खानपानमा सचेत रहनुहोला ।

### धनु

समयमा होस नपुग्नाले आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । घरखर्च बढ्नुका साथै अर्थ अभाव देखा पर्नेछ । तापनि विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपरे पनि मिहिनेतको प्रतिफल प्राप्त हुनेछ । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम सम्पादन हुन सक्छ । परिस्थितिवश सामान्य काममा बढी अलमल हुनेछ ।

### मकर

आयआर्जनका स्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । मिहिनेतले आम्दानी बढाउनेछ । श्रमको उचित मूल्यांकन होला । कृषि, पशुपालन तथा व्यापारमा मनग्गे लाभ हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । अध्ययनमा राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने समय छ । सञ्चित धनको उपयोगबाट विशेष फाइदा हुनेछ । दिन उत्साहवर्द्धक रहनेछ ।

### कुम्भ

बाध्यतामा अलमलिनुपर्दा चिताएको काममा बाधा आउला । आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन् । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । जीवनशैली व्यस्त रहनेछ तर उपलब्धिविहीन काममा समय बित्न सक्छ । गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ । व्यवसायमा फाइदा हुनेछ तर नयाँ काम गर्न समय पर्खनुहोला ।

### मीन

श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ । धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ । परिस्थिति अनुकूल हुनाले रोकिएको काम सम्पादन गर्न सकिनेछ ।

## भट्टराईले गरे पदभार ग्रहण



चलचित्र विकास बोर्डको अध्यक्ष पदमा केही दिनअगाडि मात्र नियुक्त भएका चलचित्र निर्माता तथा कलाकार केशव भट्टराईले पदभार ग्रहण गरेका छन् । चलचित्र विकास बोर्ड पुगेर उनले पदभार ग्रहण गरेका हुन् । पदभार ग्रहण गरेपछि बोर्ड अध्यक्ष भट्टराईले चलचित्र क्षेत्रको हितका लागि सकेको काम गर्ने तर अहितमा कुनै पनि काम नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

पदभार ग्रहणसँगै उनले भने- 'विगतमा चलचित्र विकास बोर्डमा के कस्तो काम भए, त्यो मलाई थाहा छैन । म यहाँ रहने भनेको कुनै पनि राजनीतिक दलको कार्यकर्ता भएर होइन । मेरो चलचित्र क्षेत्रका संघसंस्थामाथि हस्तक्षेपकारी नीति पनि रहेनछैन ।'

बोर्ड अध्यक्षले आफूले सरकारलाई १६ बुँदामा महत्वकांक्षी योजना बुझाएको बताउँदै त्यसको बारेमा केही दिनमा जानकारी दिने पनि स्पष्ट पारे । उनले राष्ट्रिय चलचित्र नीति २०७१ लाई पारित गर्नका लागि आफूले प्रयास गर्ने पनि बताए । उनले साउनदेखि लागू भएर पनि खासै सक्रिय नदेखिएको बक्स अफिस प्रणालीलाई लागू गर्नका लागि कटिबद्ध भएर लाग्ने पनि स्पष्ट पारेका छन् । अध्यक्ष भट्टराईले २ बर्षदेखि रोकिएको चलचित्र पुरस्कार र सम्मानको कामलाई पनि अगाडि बढाउने बताए । बोर्ड अध्यक्ष भट्टराईको कार्यकाल २ बर्षको रहनेछ । उनको कार्यकालमा चलचित्र क्षेत्रमा धेरै सुधार हुने अपेक्षा चलचित्रकर्मीको छ ।

## "प्रेमलीला" को प्रशंसा



शुक्रबारदेखि रिलिज भएको चलचित्र 'प्रेमलीला'ले व्यापार कमजोर गरे पनि हेर्ने दर्शकले मन पराएको यसको निर्माणपक्षले बताएको छ । नायिका दीपशिखा खड्का, भारतीय मोडल अली खान र मौसम खड्काको मुख्य भूमिका रहेको यो चलचित्रले २ देशका युवायुवतीबीच हुने प्रेमलाई देखाएको छ ।

चलचित्रको निर्माण टिमले आयोजना गरेको विशेष शोमा यो चलचित्रलाई चलचित्रकर्मी र पत्रकारले राम्रो भनेका छन् । यस्तै, नायिका दीपशिखा खड्काको कामको पनि प्रशंसा भएको छ । पवन गौतमको छायांकन, चन्दन दत्तक र सालिक दुलालको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी रहेको यो चलचित्र हेर्न हाँस्य कलाकार जोडी सिताराम कट्टेल र कुञ्जना घिमिरे पनि पुगेका थिए । नायिका खड्काकै कथा, पटकथा तथा संवाद रहेको यो चलचित्रलाई नानीमैया कार्की र फैजिल फिल्मस्ले मिलेर बनाएका हुन् ।

## "रातो टिका निधारमा" बनाउँदै शर्मा





यस वर्षको दशैंमा प्रदर्शनमा आएको फिल्म 'जय भोले' को सफलतापछि भेट्रान निर्देशक अशोक शर्मा अर्को दशैंमा फिल्म 'रातो टिका निधारमा' लिएर आउँदैछन् । अहिले उनी फिल्मका लागि कलाकार चयनमा जुटेका छन् । लिड अभिनेता र अभिनेत्रीबाहेक अरु कलाकार फाइनल भएको निर्देशक शर्माले जानकारी दिए । सोमवार मात्र अभिनेत्री नीता ढुंगाना फिल्ममा अनुबन्ध भएकी छन् ।

उनी फिल्मकी लिड अभिनेत्री भने होइनन् । उनको जोडी फिल्ममा हास्यकलाकार रबिन्द्र झासँग बाँधिनेछ । निर्देशक शर्मा लिड हिरोमा अभिनेताद्वय अनमोल केसी र प्रदीप खड्कामध्ये एकलाई लिने सोचमा छन् । तर, यस विषयमा आफूले अहिलेसम्म नसोचेको उनले बताए । फिल्ममा अभिनेता राजेश हमाल र अभिनेत्री करिश्मा मानन्धर हुने पनि चर्चा छ । बैशाख अन्तिम साता वा जेठ पहिलो साताबाट छायांकन सुरु हुने फिल्ममा नीता र रबिन्द्रबाहेक बुद्धि तामाङ, जयनन्द लामा, राजाराम पौडेल, शिवहरी पौडेल, लक्ष्मी गिरी फाइनल भइसकेका छन् । केही दिनयता फिल्मको गीत रेकर्डिङको काम भइरहेको निर्देशक शर्माले बताए । फिल्ममा दर्शक अगाडि प्रदर्शनमा आएको निर्देशक शर्मा निर्देशित फिल्म 'अल्लारे' मा समावेश 'रातो टिका निधारमा' गीतलाई रि-एरेञ्ज गरेर राखिने छ । पुरुषोत्तम प्रधानले खिच्ने 'रातो टिका निधारमा' मा शम्भुजित बाँस्कोटाको संगीत रहनेछ । निर्देशक अशोक शर्माले १२ वर्षपछि फिल्म 'जय भोले' मार्फत् निर्माण र निर्देशनमा कमब्याक गरेका थिए । उनी अब फिल्म निर्देशनलाई निरन्तरता दिने सोचमा छन् । *अनलाइनहरुबाट*

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Neologism = नयाँ बनाएको शब्द The development in the field of technology has invented also neologisms (प्रविधिमा भएको विकासले नयाँ शब्दहरूको पनि आविष्कार गरेको छ)

Orgy = उन्माद, अनियन्त्रित किसिम वा प्रवृत्ति As she found her big amount of lost money she indulged in an orgy of shopping (हराएको ठूलो धनराशि प्राप्त भएकोमा तिनले अनियन्त्रित किसिमले किनमेल गर्नमा आफूलाई लगाइन् ।

Propensity = सिधा स्वभाव Convinced of her own talent, she developed in her unfortunate propensity to belittle others' talent (आफ्नो क्षमताप्रति कुनै भ्रम नभएकोले अरूको क्षमतालाई कम आक्ने दुर्भाग्यपूर्ण सिधा स्वभावको उनमा विकास भयो)

Putrid = दुर्गन्धपूर्ण No sooner than did the scavenger uncover the organic waste dumped beside the street, a putrid smell environed (खातेहरूले फोहोरको थुप्रो के खोतलेका थिए, दुर्गन्ध जतातत्तै फैलियो ।

Rococo = अति नै कलापूर्ण Medieval time was characterized by rococo style of furniture (मध्यकालिन समयको विशेषता भन्नु नै कलापूर्ण फर्निचरहरू थिए )

Susceptible = सजिलै प्रभावित हुने, ग्रसित हुने Human beings having weak immune system can be susceptible to any disease (कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरू सजिलै कुनै पनि रोगबाट ग्रसित हुन सक्छन्)

Trifling = बेमतलवको, साधारण For such a trifling cold, no one should bother about taking medicine (यस्तो साधारण रुघाको लागि कसैले पनि औषधि खाने कि नखाने भन्ने चिन्ता गर्नु बेकार छ)

Unison = सुर मिलेको, एकै स्वरको, The choir sang in unison hypnotized all the spectators (एकै स्वरको समूह गानले सबैलाई मन्त्रमुग्ध बनाइदियो)

Visage = अनुहार The stern visage of the judge indicated that he has decide to impose a severe penalty (न्यायाधिशको कडा अनुहारले उनी कडा सजाय सुनाउन लागेका छन् भन्ने इंगित गर्दथ्यो)

Withstand = मुकाविला गर्नु As he is well prepared he can withstand any criticism or attack very easily (आफूलाई ज्ञान र सीपले सुसज्जित गरेको हुँदा, ऊ कुनै पनि आलोचना वा हमलाको सजिलै मुकाविला गर्न सक्छ)

## सेयर लगानीकर्ताको आन्दोलन स्थगित



काठमाडौं । पुँजी बजार विस्तार र विकासको माग राख्दै आन्दोलनरत सेयर लगानीकर्ताको समूहले आन्दोलनका कार्यक्रम स्थगित गरेको छ । यद्यपि यो समूहले अर्थमन्त्री डा. युवराज खतिवडालाई कारबाही गर्न प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष माग गरेको छ ।

यो समूहले अर्थमन्त्रीको कारण शेयर बजार धरासायी भएको आरोप लगाउँदै नेपाल धितोपत्र बोर्डको कार्यालयमा तालाबन्दी, धर्ना, प्रदर्शन लगायतका गतिविधि गर्दै आएको छ । यसअघि बोर्डमा लगाइएको ताला प्रहरीले बल प्रयोग गरी फोडेको थियो भने मंगलबार नेप्से घेराउ गर्न पुगेको टोलीलाई केही घण्टा नियन्त्रणमा लिएर प्रहरीले छाडेको थियो ।

अर्थमन्त्री खतिवडालाई पुँजी बजार विरोधीको आरोप यो समूहले लगाएको छ । पुँजी बजार सुधार्न माग गर्ने लगानीकर्ताहरुलाई दमन गर्न खोजेको भन्दै अर्थमन्त्री खतिवडा, मन्त्री खतिवडाका ज्वाइँ रामशरण खरेल, धितोपत्र बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्की, बोर्डकै कार्यकारी निर्देशक निरज गिरी र नेप्सेका सीईओ चन्द्रसिंह साउदसमेतलाई कारबाही गर्न यो समूहले माग गरेको छ । दुई महिना पहिलेदेखि आफूहरुले पुँजी बजार सुधारका लागि माग राख्दै आए पनि लगानी सम्मेलन भाँड्न खोजिएको भन्दै आरोप लगाएको भन्दै खेद प्रकट समेत गरिएको छ ।

## Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get down from = झारिदिनु Please get me that book down from the top shelf ऱ्याकको माथिल्लो खण्डबाट मेरो लागि त्यो किताव झारिदेउ न ?

Get a drink = पिउने कुरा दिनु Wait I get you a drink पर्ख म तिमीलाई केही पिउने कुरा दिन्छु ।

Get for oneself something = आफनै लागि लिनु Why don't you get an appartment separate for yourself किन तिमी आफ्नो लागि बेग्लै फ्ल्याट लिँदैनौं हँ ?

Get somebody = कसैलाई लिन जानु At 7 O'clock I get my mother fron the railway station सात बजे म मेरी आमालाई रेलस्टेसनमा लिन जान्छु ।

Get something for something = केहीको लागि केही पाउनु I got eight hundred thousand for my car but I did not sell मैले मेरो कारको लागि आठ लाख पाएको हुँ तर मैले बेचिन ।

Get something on = कुनैमा केही कुरा पाउनु We could not get channel of NTV on your television तिम्रो टेलिभिजनमा हामीले नेपाल टिभीको च्यानल नै पाएनौं ।

Get something for = वापत पाउनु I got Five Thousand for my proefessional presentation मेरो दक्ष प्रस्तुतिको वापत मैले पाँच हजार पाएँ ।

Get years for = वर्षको लागि पाउनु They got ten years for having exploded bombs in public places सार्वजनिक स्थलहरुमा बम पड्काएकोमा तिनीहरुले दश वर्षको जेल सजाय पाए ।

Get somebody instead = सट्टामा पाउनु I wanted to interview the boss but I got deputy instead मैले हाकिमसँग अन्तर्वार्ता लिन चाहेको थिएँ तर उसको सट्टामा उनको सहायक पो पाएँ ?

Get sick = बिरामी पर्नु He got sick fery often ऊ छिटोछिटो बिरामी परिरहन्छ ।

## सुडोकु-अंक १४४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४ | ६ | | ८ | ३ | | |
| | | | ५ | | १ | | | |
| ३ | | ८ | | | | २ | | ६ |
| | ५ | | | ७ | | | ९ | |
| | | ६ | | | | ४ | | |
| | ४ | | | ८ | | | २ | |
| ६ | | ७ | | | | ८ | | २ |
| | | | ७ | | २ | | | |
| | | १ | ८ | | ३ | ७ | | |

## अंक १४३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | २ | ९ | १ | ४ | ३ | ५ | ८ | ६ |
| ४ | १ | ३ | ५ | ८ | ६ | ९ | २ | ७ |
| ५ | ८ | ६ | २ | ७ | ९ | १ | ४ | ३ |
| ९ | ६ | २ | ८ | ५ | ७ | ४ | ३ | १ |
| १ | ७ | ८ | ४ | ३ | २ | ६ | ५ | ९ |
| ३ | ५ | ४ | ९ | ६ | १ | २ | ७ | ८ |
| २ | ४ | १ | ३ | ९ | ८ | ७ | ६ | ५ |
| ८ | ९ | ७ | ६ | २ | ५ | ३ | १ | ४ |
| ६ | ३ | ५ | ७ | १ | ४ | ८ | ९ | २ |

# Ways in which China is drawing Nepal into its embrace


पी.के. वालचन्द्रन

तलको लेख पी.के. वालचन्द्रनको हो । नेपाललाई फिजी हुँदै सिक्किम बनाउन खोज्ने रअका एजेन्ट भतुवा राष्ट्रघाती नेताहरूले यो लेख राम्ररी पढ्दा हुन्छ । त्यसैगरी तराई टुक्र्याइ भारतमा लगेर गाभ्ने दिवास्वप्न बोकेको सिके राउत र मधेस केन्द्रित दलहरूले झन् राम्ररी यो लेख कण्ठ पार्दा बेश होला किनकी भारतीय डिजाइन अनुसार नेपाललाई सिक्किम बनाउन चाहनेहरूले के बुझ्नुन् भने नेपाल सिक्किम भयो भने त्यही भूमि प्रयोग गरेर अमेरिका र पश्चिमहरूले तिब्बत रातारात स्वतन्त्र गर्छन् भन्ने कुरा चीनले राम्ररी बुझेको छ ।

चीनले यो पनि बुझेको छ कि नेपाल समृद्ध भयो भने टिस्टा काँगडामा रहेका नेपालीहरू आफ्नो माटोसहित नेपाल फर्कने छन्, ग्रेटर नेपाल बन्ने छ जस्ले भारत र चीन बीचमात्रै नभै चीन र अमेरिकाबीच पनि वफर स्टेटको कार्य गर्नेछ जसले गर्दा तिब्बत चीनको अभिन्न अंग हो भन्ने कुरा कालान्तरमा झनै प्रमाणित हुँदै जाने छ ।

जंगे पिलर ढाल्दै नेपालको सीमा लगातार मिच्ने, नेपालभित्र पसी भारतीय एसएसवीले नेपालीलाई दिनदहाडै मार्ने, सीमा क्षेत्रमा अन्तर्राष्ट्रिय कानुनविपरित संरचनाहरू बनाइ नेपाललाई जलमग्न बनाउन खोज्ने, अनि अन्तमा तराई टुक्राउँदै लगी सिक्किम जस्तै गरी नेपाललाई निल्न उद्दत दास मनोवृत्तिका उपनिवेशवादी भारतीय शाशक सत्तारूढ दलहरू र साउथ ब्लकका पटमुर्ख एस डि मुनी अनि भारतीय ब्यूरोक्र्याट्सहरूले राम्ररी बुझ्दा हुन्छ कि उनीहरूको यो व्यवहारले भोलि भारत सोभियत संघ जस्तै १८ टुक्रामा विखण्डन नहोस् । हाम्रो यही शुभकामना छ ।

– सुरेन्द्र ढकाल

There is an apocryphal story that the Nepalese believe that they have two elder brothers – the first, an interfering, censorial and patronizing one, namely India, and the second, a non-interfering, benign and respectful one, namely China.

The dichotomy mentioned above is but a product of history.

New Delhi, covertly, and sometimes overtly, claims a patron-client relationship with Nepal imagining itself to be the successor to the British Raj. But China, on the other hand, has no such pre-determined basis to build its relationship with Nepal. It has a clean slate to write its Nepal policy on, untrammeled by the past.


Not being hemmed in by history as India is, China is free to be creative in its dealings with Nepal. And China is using this freedom to the hilt.

However, it is also a fact that strained relations between Nepal and India have helped shape China's ties with Nepal. The built-in strain gives Beijing an opportunity to emerge as an alternative, as the most credible alternative, in fact, given its size, resources and clout which India cannot match.


Being deeply apprehensive about India's intentions (given innumerable instances of Indian meddling in Nepalese politics) the Nepalese themselves have been turning to China.

Given its policy of non-interference in the internal affairs of other countries and its willingness to disburse billions of dollars for infrastructural development, China is viewed in Nepal as a benign power and not a coercive power.


Besides giving development funds, China is also using its "soft power" to draw Nepal into its embrace. It is exploiting Tibetan Buddhism to establish cultural and religious ties with Nepal, using the fact that till the turn of the 19th century, Nepal had close cultural, religious, businessand even kinship ties with Tibet. Nepal-Tibet ties were closer than ties with India at that time. Nepal is predominantly Hindu, but it has a Buddhist population. And, Nepalese Hinduism has a strong Buddhist streak. The Buddha is part of the Nepalese Hindu pantheon.




chinese rail



investment


joint military exercises


way to tibet



trade point

## Economic Ties

The thoughtless support which New Delhi gave to the Madhesis' political struggle against the powers-that-be in Kathmandu, and the support it extended to the Madhesis' blockade of the India-Nepal border in 2015, paved the way for China's entry into Nepal in a big way.

The blockade gave the then Communist Prime Minister of Nepal, K.P. Sharma Oli, an opportunity to sign a Transit and Transport Agreement with China which, in principle, ended India's monopoly over the supply system.

The Northern rail line connecting Nepal and China is expected to cost US$2.6 billion to build, and the East-West line is to cost around US$7 billion. Nepal does not fear a debt trap because it says it can get a loan from the ADB and the World Bank at one percent interest.

The Northern Lhasa-Kathmandu railway and the East-West railway will contribute a lot to Nepal's tourism industry. As on date, group of tourists in Nepal. They could flood the area if these rail lines come up.

Nepal-China trade will also greatly increase. Nepal has formally become part of Xi Jinping's Belt and Road Initiative (BRI). The Nepalese government and private firms signed four separate MoUs with China on hydropower projects, which aim to produce 900 megawatts, thus ending India's monopoly over Nepal's hydropower projects.

A US$ 13 million project to manufacture 3000 mt of cement per day was signed between the Investment Board of Government of Nepal and Huaxin Cement Narayani Private Ltd. Nepal has been having the grouse that projects involving India have not kept to the timetable, which is another reason for looking to China for help.

According to Xinhua, China has contributed around 87% of Foreign Direct Investment (FDI) commitments secured by Nepal during the first 10 months of the fiscal year that began in mid-July 2017. Nepal had received FDI pledges of US$ 396 million from China by 2017. India's FDI was China has admitted Nepal to its Asian Infrastructure and Investment Bank (AIIB) and given it the "dialogue partner" status in the Shanghai Cooperation Organisation (SCO).

The Nepalese reportedly feel that being a permanent member of the UN Security Council, China could come to its aid when India threatens it.

## Sino-Nepalese Military Ties

China's military ties with Nepal rivals India's. In December 2008, China gave military aid worth US$ 2.6 million. During the Chinese Army Chief General Chen Bingde's visit to Nepal in 2011, China announced military aid to the tune of US$ 7.7 million. During State Councilor Yang Jiechi's visit to Kathmandu in June 2013, China pledged Nepal Rupee (NPR) 3.6 billion for the construction of the Armed Police Force training academy in Kathmandu.

China also increased the number of seats and scholarships in its various training colleges for Nepali bureaucrats as well as at its National Defense University. It has also supported joint exercises with the Nepal Armed police in Tibet.

Defense Minister and State Councilor, Gen. Chang Wanquan, paid a three-day official visit to Kathmandu, during which China offered a grant US$ 32.3 million to the Nepal Army to strengthen its capacity to deal with natural calamities and providing it equipment for the UN peacekeeping missions.

Interestingly Chang's visit took place a day before the then Prime Minister Pushpa Kamal Dahal Prachanda's visit to China. More importantly, it occurred amidst Nepal's continuing political turmoil over the new constitution with the pro-Indian Terai people agitating for new territorial units.

China has created a constituency for itself within the Nepalese Army. The pro-China feeling in the army grew when in 2015, pro-Indian Madhesis of the Terai region blockaded the Nepal-India with the tacit support of New Delhi. The blockade made life in Nepal miserable and anti-Indian feeling went sky high.

## Use of Soft Power

China is also using soft power in a big way in Nepal. Chinese Confucianism and the Chinese language have been gaining in popularity among Nepalese. Beijing has set up Confucius Institutes and China Study Centers in Nepal. Over a hundred Nepalese schools offer free Chinese language courses. It is reported that a large number of youths prefer to go to Chinese universities for higher studies. Online dating has resulted in many Nepalese men marrying Chinese.

China is cultivating the Sherpa community in Nepal which is Buddhist. Many Nepalese are given permits to go to Tibet and purchase modern goods which are cheap and available in plenty there thanks to Chinese rule.

In 2011, China entered into an agreement to modernize Lumbini, a place on the Nepal-India border, where the Buddha was born. The US$ 3 billion Lumbini project was a substantial part of Nepal's GDP was $35bn. The organization behind the project was the Asia Pacific Exchange and Cooperation Foundation (APECF), a quasi-governmental organization in China.

China's aim is to make Lumbini attract tourists from all parts of Asia and bring together various schools of Buddhism. What India could have done, China is doing. China has not ignored the Hindus either, as the Hindus are the majority in Nepal. China facilitates pilgrimages to the Hindu holy places of Mt.Kailash and the Manasarovar Lake in Tibet.

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

कानुनबमोजिम लिनुपर्ने इजाजत नलिई वा इजाजतपत्र नवीकरण नगराई वा इजाजत प्राप्त व्यक्तिको मृत्युपश्चात् हकवालाको नाममा नामसारी नगराई वा अन्य जुनसुकै तरिकाले नेपाल राज्यभित्र कोही कसैले अवैध हतियार र खरखजाना राखेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालय वा नेपाली सेनाको ब्यारेकमा अनिवार्य रूपमा बुझाउनु हुन नेपाल सरकार (म.प.) को मिति ०७५।११।२८ को निर्णयअनुसार यो सूचना प्रकाशित गरिएको छ । यसरी हातहतियार र खरखजाना बुझाउन ल्याएमा यसअघि ती अवैध हातहतियार र खरखजाना राखेको कारणले मात्र त्यस्ता व्यक्तिलाई कुनै कानुनी कारबाही नचलाइने हुँदा तोकिएको समयभित्र अवैध हातहतियार तथा खरखजाना अनिवार्य रूपमा बुझाउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि इजाजत प्राप्त नगरी आफूसँग रहेका हातहतियार खरखजाना तोकिएको अवधिभित्र स्वेच्छाले नबुझाएमा त्यस्ता व्यक्तिउपर प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सैनिक...

श्रेष्ठलाई राष्ट्रिय निकुञ्ज निर्देशनालय, हिरालाल जोशीलाई शान्ति सेना निर्देशनालय, सुशील भण्डारीलाई १९ बाहिनी, सागर केसीलाई कल्याणकारी निर्देशनालयको निर्देशकमा, योगराज शर्मालाई सम्भाररथीको कार्यालयमा सरुवा गरिएको छ भने कुमार लामालाई सैनिक गुप्तचर महानिर्देशनालय र दीपक बानियाँलाई २४ बाहिनीमा सरुवा गरिएको छ। प्रधानसेनापतिको कार्यालयमा महासेनानी टंक भट्टलाई जिम्मेवारी दिइएको छ।

## नेपाल बारमा...

पेसागत तथा समावेशी समूह' र नेपाली कांग्रेस निकटका कानुन व्यवसायी समूह 'बृहत् लोकतान्त्रिक समूह' प्यानल नै बनाएर प्रतिस्पर्धामा छन्। प्रगतिशील समूहको नेतृत्व वरिष्ठ अधिवक्ता चण्डेश्वर श्रेष्ठले गरेका छन् भने लोकतान्त्रिक समूहको नेतृत्व अधिवक्ता सुनील पोखरेलले गरेका छन् । यी दुवै बलिया उम्मेदवार भएको हुँदा दुई संगठनबीच चुनावी प्रतिस्पर्धा निकै कडा हुने देखिएको छ। बारमा एक अध्यक्ष, एक महासचिव, एक कोषाध्यक्ष, महिला उपाध्यक्ष एकजना र सातै प्रदेशबाट एक/एक गरी आठ उपाध्यक्ष निर्वाचित हुने प्रावधान छ। निर्वाचनका लागि गत फागुन ६ गते उम्मेदवारी दर्ता गरिएको थियो। बारको २५ सदस्यीय कार्यसमितिका लागि ६३ जनाको उम्मेदवारी परेको छ। देशभर रहेका १० हजार ३ सय १३ मतदाताले ३५ मतदान केन्द्रबाट मतदान गर्नेछन्। केन्द्रीय कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ।

## बिथोलिंदै...

बैंकको तथ्यांक छ। उद्योग विभागबाट हालसम्म २ खर्ब ७९ अर्ब रुपैयाँ लगानी स्वीकृत भएको छ। तर अहिलेसम्म प्रत्यक्ष विदेशी लगानीका रुपमा ८६ अर्ब रुपैयाँ र कम्पनीको ऋण तथा मुनाफा सञ्चितसहित १ अर्ब ७० करोड पुगेको राष्ट्र बैंकको तथ्यांकमा छ। विभाग र राष्ट्र बैंकको तथ्यांक हेर्दा स्वीकृत भएकामध्ये एक तिहाई लगानी मात्रै भित्रिएको देखिन्छ। नेपाल लगानीका लागि तुलनात्मक रुपमा अझै प्रतिस्पर्धी हुन नसकेको तथा प्रक्रियागत झन्झट प्रशस्तै रहेका कारण स्वीकृत भएका लगानी पनि भित्रिन नसकेको देखिन्छ। नेपालको कानुनलाई अझ लगानी भित्रिन र आकर्षक नबनाएसम्म विदेशी लगानी कागजमा मात्रै सीमित हुन सक्ने विज्ञहरु बताउँछन्।

यद्यपि सरकारले वैदेशिक लगानीसँग सम्बन्धित थुप्रै मौजुदा कानुनमा व्यापक परिवर्तन र सुधार गरेको छ। विदेशी लगानी भित्र्याउन, 'सार्वजनिक निजी साझेदारी तथा लगानी' विधेयक जारी गरिएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयकमा लगानी गर्ने रकम र हिस्साको अधिकतम सीमा हटाइएको छ। सम्पूर्ण रित पुगेर आएको विदेशी लगानीलाई सात दिनभित्र स्वीकृत गर्नुपर्ने प्रावधान पनि पारित गरिएको छ। आयोजनाबाट प्राप्त लाभ वा आयोजना बिक्री गरेपछि आउने रकम सजिलै विदेश फिर्ता लैजान सकिने व्यवस्था गरिएको छ। जलविद्युत् आयोजनामा पहिलेदेखि नै विभिन्न कर छुटको व्यवस्था छ। एकद्वार प्रणाली अवलम्बन गर्दै प्रशासनिक काम सहज पार्ने प्रतिबद्धता पनि आएको छ। प्रधानमन्त्री, मन्त्रीहरु 'लौन लगानी गरिदिनुपर्‍यो' भनेर याचना गरिरहेका छन्। देशमा लगानीको वातावरण छ भनिरहेका छन्। यस्तो लाग्छ अब नेपालमा वैदेशिक लगानी भरपुर मात्रामा ओइरिँदैछ। अघिल्लो लगानी सम्मेलनपछि उद्योगका नाममा होङसी सिमेन्टबाहेक अरु कोही आएनन्। लगानीका लागि याचनाले खासै अर्थ राख्दैन। लगानीकर्तालाई आकर्षित गर्न सके उनीहरु आफैं लगानी गर्न आउँछन्। बंगलादेशको गार्मेन्ट उद्योगलाई उदाहरणका रुपमा लिन सकिन्छ।

कृषि, जलविद्युत्, पर्यटन, रियलस्टेट, बैंकिङ इलेक्ट्रोनिक्स सामानको उत्पादन, गार्मेन्ट, सौर्य र वायु ऊर्जा लगायतका प्रशस्त क्षेत्र छन् लगानीका लागि हामीकहाँ। तर यी सबै क्षेत्रमा सरकारले लगानी भित्र्याउन सकेको छैन। अहिले जलविद्युत क्षेत्रका १३ आयोजनामध्ये सातवटा सरकारका तर्फबाट र ६ वटा निजी क्षेत्रबाट प्रस्तुत गरिने जनाएको छ। तर लगानी सम्मेलन गर्ने बित्तिकै लगानी आउँदैन। लगानी गर्ने इच्छुक लगानीकर्तासँग निरन्तर 'फलोअप' आवश्यकता पर्छ। लगानी वातावरणको सुधार आफैंमा निरन्तर चलिरहने प्रक्रिया हो। मुख्य विषय सरकारको तत्परता हो। सरकारले लगानी भित्र्याउन जुन पहल गरिरहेको छ, यसले लगानी प्रवेश, परियोजना सञ्चालन, नाफा फिर्ता तथा बाहिरिने अधिकारलाई समेत सुरक्षित गर्न सरकार संवेदनशील छ भन्ने सन्देश भने प्रवाह हुनेछ। प्रतिस्पर्धी र तुलनात्मक लाभका क्षेत्रमा लगानी आकर्षण गर्दै उच्च आर्थिक वृद्धिको दिगोपना, रोजगार सिर्जना र उत्पादन वृद्धिका माध्यमबाट मुलुकलाई समृद्ध बनाउन सकिन्छ।

भोकमरीबाट गुज्रिरहेको अफ्रिकी मुलुक इथोपिया ऊर्जाका माध्यमबाट अहिले विकासशील देशको श्रेणीमा उक्लिएको छ। गृहयुद्धले थला परेको रुवान्डाले पर्यटन प्रवर्द्धन गरी विकासमा छलाङ मारिरहेको छ। त्यस्तै सोमालिया, ट्युनिसिया, मोरक्को, जाम्बिया आदि मुलुकहरुले छोटो अवधिमै ठूलो मात्रामा वैदेशिक प्रत्यक्ष लगानी भित्र्याएर देशको आर्थिक अवस्थामा निकै परिवर्तन गर्न सफल भएका छन्। चीन, युरोप र मध्यपूर्वका धेरै देशहरुले अफ्रिकी मुलुकहरुमा प्रशस्त लगानी गरिरहेका छन्। अफ्रिकी देशहरुले लगानीको उपयुक्त नीति नियम मात्र बनाएका छैनन्, आवश्यक पूर्वाधार र उत्पादित वस्तुको बजार पनि सुनिश्चित गरिदिएका छन्। अफ्रिकी देशहरुमा नवीकरणीय ऊर्जा क्षेत्रमा पनि लगानी भित्रिएको छ। मोरक्कोमा ५५० मेगावाटको सौर्य प्लान्ट बनिरहेको छ। इथोपिया र केन्याको जलविद्युतमा चीन, क्यानडा र युरोपका लगानीकर्ताले ठूलो लगानी गरिरहेका छन्। यसको प्रमुख कारण हो, आकर्षक ऊर्जा खरिददर। एक युनिट सौर्य ऊर्जाको खरिद दर रुवान्डामा २५, मालीमा १५, केन्यामा १२, घानामा २० अमेरिकी सेन्टसम्म दिने गरिएको छ। यही कारण लगानीकर्ता त्यहाँ आकर्षित छन्। नेपालमा ऊर्जा लगायत कृषि र पर्यटन क्षेत्रमा प्रतिस्पर्धात्मक लगानी सम्भव छ। तर यसका लागि लगानीमैत्री वातावरण सरकारले बनाउन आवश्यक छ।

लगानीकर्ताहरु नेपाल बनाउन आउने होइनन, नाफा कमाउन आउने हुन्। अपारदर्शी विदेशी लगानीले देश आर्थिक गुलाम बन्न सक्ने खतरालाई पनि नजरअन्दाज गर्न सकिन्न। विकसित मुलुकबाट लगानी आउन कामकाजी श्रमशक्ति, अन्तर्राष्ट्रिय श्रम बजारभन्दा सस्तो, दक्ष र धेरै उत्पादकत्व शक्ति हुन आवश्यक छ। अरुण तेस्रोमा सतलज कम्पनीले आवश्यक पर्ने कामदार भारतबाटै ल्याउने उद्घोष गरेझैं अबका वैदेशिक लगानीकर्ताले आआफ्नै मुलुकबाट कामदार ल्याएर उद्योग, परियोजना सञ्चालन गरे भने नेपाली कामदार खाडी मुलुक पलायन हुने क्रम अझ बढ्नेछ। विदेशिएको युवा जनशक्तिलाई रोजगारको अवसर दिलाउँदै दक्ष जनशक्ति उत्पादन गर्ने रणनीतिक लक्ष्य सरकारले लिन आवश्यक छ। नेपालमा मुख्य लगानीकर्ता चीन र भारत नै हुन्। चीनले नेपालमा लगानी गर्न ठूलो उत्साह देखाएको छ। सरकारले लगानीकर्ताका अगाडि ७१ आयोजनाको सूची प्रस्तुत गर्ने भएको छ। सार्वजनिक गरिएका ती परियोजना ऊर्जा, पूर्वाधार विकास, कृषि, सूचना प्रविधि, औद्योगिक, शिक्षा, स्वास्थ्य र पर्यटनसँग सम्बन्धित ६४ करोडदेखि तीन खर्ब ५० अर्बसम्मका छन्।

लगानी सम्मेलन भइरहँदा सरकारले प्रतिबन्ध गरेको विप्लव नेतृत्वको नेकपाले विभिन्न प्रकारका संघर्षका कार्यक्रम घोषणा गरेको छ। सरकारले बल प्रयोगद्वारा विप्लव समूहलाई चैत्र महिनाभित्रै ठेगान लगाउने उद्घोष गरे पनि त्यो सम्भव हुने देखिँदैन। ठूलठूला युद्धहरु पनि वार्ताद्वारा टुंगिएका छन्। तर सरकारले वार्ताको वातावरण बिथोल्दै संविधान विपरीत विप्लव नेकपामाथि प्रतिबन्ध लगाएर फेरि गृहयुद्धमा देशलाई होमेको छ। विप्लव नेकपाका सयौं नेता तथा कार्यकर्ताहरुलाई हिरासतमा लिएको छ। यसको प्रतिकारमा विप्लव नेकपा उत्रिसकेको स्थिति छ। ठाउँठाउँमा प्रहरी र विप्लव नेकपाका कार्यकर्ताबीच मुठभेड हुन थालेको छ। सुरक्षा निकायले विप्लव नेकपाविरुद्ध रोमियो, किलो, अल्फा लगायतका जुनसुकै अपरेसन चलाए पनि सफल नहुने सुरक्षा विज्ञहरुको धारणा सार्वजनिक भइरहेको छ। विप्लव समूह एक राजनीतिक समस्याका रुपमा देखा परेको छ। यसको समाधान पोलिटिकल डिलबाट मात्र सम्भव छ। सेक्युरिटी अप्सनबाट विप्लव नेकपालाई मूल धारमा ल्याउने सरकारी प्रयासले देशलाई पुनः गृहयुद्धमा होम्ने विज्ञहरुले बताइरहेका छन्। देशको अवस्था यस्तो भए विदेशी लगानी प्रभावित हुने निश्चित छ। चैत्रभित्र आफ्नो पार्टीमाथिको प्रतिबन्ध फुकुवा नगरे सरकारमाथि प्रतिबन्ध लगाउने चेतावनी महासचिव विप्लवले दिइसकेका छन्।

## स्वास्थ्य...

काठमाडौं महानगरपालिका अन्तर्गतको टेकु बुद्धबारीमा संचालन भैरहेको नेपालमै डे सर्जरी सेवाका लागि निजी स्तरमा स्थापित बुद्ध मिनीमल एक्सेस इन्टरभेन्सन सेन्टर (बुद्धमाई सेन्टर) नामक संस्थासँग स्वास्थ्य सेवा प्रवाह तथा नेपाल रेडक्रस सोसाइटी रक्त संचार केन्द्र बाल कुमारी, ललितपुरसँग रक्त संकलनका लागि समन्वय गरी संचालन गरिएको थियो।

उक्त स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम बिहान ११ बजे सुरू भई अपरान्ह २ बजे सम्पन्न भएको थियो। सो रक्तदान कार्यक्रममा सोही विद्यालयमा अध्यापनरत शिक्षक र शिक्षिका तथा सोही विद्यालय वरपरबाट आउनुभएका रक्तदाताहरूमध्येबाट ९ जना महिला तथा ११ जना पुरुष गरी २० जनाले रक्तदान गर्नुभएको थियो। अर्कोतर्फ स्वास्थ्य शिविरमा बुद्धमाई सेन्टरबाट आउनुभएका डाक्टर जितेन्द्रप्रसाद सिंहको नेतृत्वमा रहेको ६ जना चिकित्सकको टोलीले नाक, कान, घाँटी, सामान्य शल्य चिकित्सा, सामान्य चिकित्सा, मूत्र रोग, बाल रोग, हाडजोर्नी तथा स्त्री रोगका गरी जम्मा ४२ जनाको स्वास्थ्य परीक्षण गरेका थिए। उक्त रोग निवारणका लागि आवश्यक स्वास्थ्य परामर्श सेवा पनि प्रदान गरेको थियो।

पर्यटन/रोशन जनकपुरी

# परिक्रमा र धार्मिक पर्यटनको सम्भावना

ऐतिहासिक स्रोतहरूका अनुसार आधुनिक जनकपुरको शुरूवात सत्रहौं शताब्दीमा भएको हो। रामानन्दी रसिक सम्प्रदायको वैरागी साधु सुरकिशोर दासले 'जानकी जन्मभूमि' को खोजी गर्दैं जनकपुरमा आएर हालको जानकी मन्दिर भएको ठाउँमा बस्न थालेपछि जनकपुरको आधुनिक इतिहास शूरू भएको हो। जनकपुरको मिथकीय परिचय ईसापूर्व सातौं शताब्दी (अनुमानित)मा रचिएको शतपथ ब्राह्मण र बाल्मिकीय रामायणमा वर्णित जनक र सीतासँग जोडिएको छ। तर ऐतिहासिक स्रोतहरूमा उल्लेख भए अनुसार जनकपुरको इतिहासलाई न्यूनतम् एक हजार वर्षसम्म पुऱ्याउन सकिन्छ। साधु सूरकिशोर दास जनकपुरमा आएको बेला यहाँ घनघोर जङ्गल रहेको र वरिपरि केही प्रारम्भिक गाउँहरू रहेको बुझिन्छ।

प्रारम्भिक स्रोतहरूले हाल जानकी मन्दिर रहेको स्थानलाई राजा जनककी छोरी सीता जन्मेको स्थलको रूपमा एउटा पवित्र चौर (क्षेत्र)को रूपमा प्रसिद्ध रहेको र धर्मभीडू हिन्दूभक्तहरू, विशेषतः साधूहरू यस दुर्गमस्थलमा रहेको तीर्थ गर्न आउने गरेको भनेका छन्। अठारौं शताब्दीको अन्तसम्म जनकपुरमा केही रामानन्दी वैरागी साधुहरूले कुटी बनाएर बस्न थाले पनि जनकपुरमा यो दुर्गमता रहेकै देखिन्छ। उन्नाइसौं शताब्दीको आरम्भ सन् १८०५मा लेखिएको एउटा पुस्तक 'श्री महाराजाचरित्र' मा जनकपुरलाई 'जानकीको जन्म भएको पवित्र तीर्थस्थल क्षेत्र जनकपुरधाम' भनिएको छ। यस पुस्तकमा जनकपुरमा रहेका विविध पोखरीहरू, वरिपरिका गाउँहरू र जनकपुरको दसमाइल वरिपरिका पुराना शिवमन्दिरहरूको चर्चा गरिएको छ। जनकपुरमा रामनवमी, विवाहपञ्चमी, जानकीनवमी र पन्द्रदिने परिक्रमा जस्ता विविध धार्मिक उत्सवहरू विकसित हुँदैगएको देखिन्छ।

भारत, अयोध्या, बारास्थानका साधु रघुनाथप्रसादले लेखेको 'श्री महाराजा चरित्र'मा तत्कालीन प्रारम्भिक जनकपुर र यस वरिपरिको स्थानबारे प्रशस्त चर्चा गरिएको छ। यस्मा हालको जानकीमन्दिर भएको ठाउँमा एउटा मठ रहेको र त्यसको अगाडी विशाल मैदान रहेको जहाँ अयोध्याका राजा रामले शिवधनुष भङ्ग गरेको भनिएको छ। यस पुस्तकमा जनकपुर वरिपरि कयौं पवित्र तीर्थस्थलहरू रहेकों गाउँहरूको चर्चा गरिएको छ स जस्तै, जनकपुरबाट करिब बत्तीसमाइल दक्षिणपश्चिममा रहेको सीतामढी (भारत) जहाँ राजा जनकले हलो जोत्दा नवजात सीता फेला परेकी थिइन्, त्यसतै जनकपुरभन्दा दसमाइल दक्षिणमा रहेको र ऋषि विश्वामित्रको आश्रम भनिएको विसौल, रामायणमा वर्णित विवाहको बेला गिरिजापूजन गर्न गएको बेला सीताको रामसंग पहिलोपटक देखादेख भएको स्थल फुलहर (यसलाई गिरिजास्थानपनि भनिन्छ), त्यस्तै रामले धनुभङ्ग गर्दा त्यसको एउटा हिस्सा उछिट्टिएर झरेको ठाउँ धनुषाधामको उल्लेखपनि यस पुस्तकमा पाइन्छ।

यस अतिरिक्त जनकपुरको दसमाइल वरिपरिको वृत्तमा रहेका पुराना शिवमन्दिरले पनि जनकपुरको एतिहासिकतालाई बल पुऱ्याउँछ। यो यसकारण पनि महत्वपूर्ण छ कि वर्तमानमा जनकपुरको



धार्मिक पर्यटनको दृष्टिले प्रमुख परिचय बनेको पन्द्रदिने परिक्रमाका स्थलहरू यिनै शिवमन्दिरको आधारमा नै तय गरिएका थिए। जनकपुरधाम भन्दा करिब दसमाइलको दूरीमा प्राचीन क्षीरेश्वरनाथ छन्। त्यसरी नै जनकपुरधाम् वरिपरिका पुराना शिवमन्दिर हरूमा कल्याणेश्वर महादेव र जलेश्वरनाथ महादेवका मन्दिरहरू छन्।

विभिन्न पुराना स्रोतहरूमा उल्लेख भएअनुसार यी दुबै शिवमन्दिरहरू कम्तीमा चारसय पचासवर्ष पुरानो हुनसक्ने देखिन्छ। त्यस्तै जनकपुरभन्दा उत्तरपूर्वमा रहेको मिथिलेश्वर महादेवको मन्दिरपनि पुरानो हो, तर यो मन्दिर उन्नाइसौं शताब्दीको अन्तसम्म अज्ञात नै थियो। जनकपुरधामको वरिपरि करिब दसमाइलको घेरामा दक्षिण, दक्षिणपश्चिम, उत्तर र उत्तरपश्चिममा रहेका यी प्राचीन शिवमन्दिरहरूले जनकपुर क्षेत्रमा शैवतन्त्रकालीन प्राचीनता (इतिहासको दृष्टिले न्यूनतम मध्यकाल)को प्रमाण त दिन्छन् नै, मिथिला र राजा जनकको कूलदेवको रूपमा पनि सान्दर्भिक छन्।

रामायण र पौराणिक स्रोत अनुसार राजा जनकको विदेहवंशको इष्टदेव शिव थिए र यस मिथक अनुसार शिवलाई जनकपुरको अभिभावक देवता भन्न सकिन्छ। एक जना रामानन्दी साधु युगलप्रिया शरण द्वारा लिखित र सन् १९६१मा प्रकाशित 'श्री रसिक प्रकाश भक्तमाला' नामक पुस्तकमा उन्नाइसौं शताब्दीको शुरूमा भारत सीतामढीका सीताप्रसाद र मुजफ्फरपुर जिला भारतको पिपरा मठ (हाल सीतमढी जिल्ला, भारत)का सुरदास नामक साधुलाई जनकपुरमा परिक्रमाको प्रारम्भिक भनिएको छ। शुरूमा ती दुईजना साधुहरूले जनकपुरको वरिपरि दसमाइलको जुन परिक्रमा वृत्त बनाएका थिए, त्यो कल्याणेश्वर महादेवको मन्दिरबाट शुरू भएर यसै ठाउँमा आएर अन्त हुन्थ्यो। पाँचदिनमा पूरा हुने यस परिक्रमा पथमा कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र मिथिलेश्वर पर्दथ्यो, जसमा यी साधुहरूले जनकपुरको अभिभावकदेव शिवलाई पवित्र जल र बेलपत्र चढाउँने गर्दथे। यी दुई साधुले शुरू गरेको जनकपुरको परिक्रमा नै पछि, हाल प्रचलनमा रहेको पन्द्रदिने मध्यपरिक्रमा र जनकपुरधाम् नगरको पाँचदिने अन्तर्गृह परिक्रमाको रूपमा विकसित भयो, जस्मा हाल हजारौं मानिसहरू सहभागी हुने गर्दछन्।

जनकपुरको बारेमा एकजना अनुसन्धाता रिचार्ड बर्घर्टले तीनवर्ष पूर्व प्रकाशित आफ्नो अनुसन्धानकृति 'द हिस्टरी अफ जनकपुरधाम' मा जनकपुरका पुराना साधूहरू र जनकपुरबारे पुराना स्रोतहरूको आधारमा परिक्रमा बारे रोचक तथ्य प्रस्तुत गरेका छन्। यस अनुसार सीताप्रसाद र सुरदासले शुरू गरेको जनकपुरको परिक्रमा केही वर्षभित्रै लोकप्रीय भयो र यसमा टाढा टाढाका साधुहरू र गृहस्थ भक्तजनहरू सामेल हुन थालेका थिए। जनकपुरमा त्यतिबेला सम्म रामानन्दी साधुहरूको कयौं कुटी, र मठहरू निर्माण भैसकेको थियो र जनकपुर 'बाउन्न कुटीको तीर्थस्थल'को रूपमा प्रसिद्ध थियो। वरपरका गाउँहरूबाट पूर्णिमा र अन्य पवित्र तीर्थहरू र धार्मिक उत्सवहरूमा जनकपुरमा आएर यहाँको पवित्र तलाउहरूमा स्नान गर्ने परम्परापनि शुरू हुन थालेको थियो।

यसरी नै शुरूको पाँचदिने परिक्रमा फाल्गुन शुक्लपक्ष परेबाबाट शुरू भएर फाल्गुन पूर्णिमाको दिन समापन हुने पन्द्रदिने परिक्रमामा विकसित भइसकेको थियो। सन् १८१४मा यस परिक्रमाको नेतृत्व सीताकुण्डले गर्ने परम्परा शुरू भएको देखिन्छ। त्यतिबेला यस मन्दिरको महन्थ रामदास आचार्य थिए। महन्थ रामदासको मृत्युपछि उनका प्रथम शिष्य कुञ्जबिहारी दास महन्थ हुन सफल भए। तर केही समयपछि उनले आफ्ना श्रीमति र छोरालाई मन्दिरमा ल्याएर राखे। गुरू रामदासका अर्का शिष्य लाडलीशरणले यसको विरोध गरे। तर कुञ्जबिहारीले मानेनन्। वैरागीकुटीमा स्त्रीको प्रवेश हुनु वैरागी सम्प्रदायको मान्यताको विपरीत भएको भनेर असन्तुष्ट लाडलीशरण सीताकुण्ड त्यागेर जनकपुरधाम भन्दा करीब आठ किलोमीटर पूर्व जलाधि नदीको किनारमा कचुरीगाउँमा गइबसे। त्यस वर्षको परिक्रमाको समय आउँदा परिक्रमाको नेतृत्व कसले गर्ने विषयमा कुञ्जबिहारी र लाडलीशरणमा विवाद उत्पन्न भयो। मन्दिरको परम्परा भङ्ग गरेकोले तथा विवाह गरेर गृहस्थमा परिणत भइसकेकोले वैरागी साधुकोरूपमा परिक्रमाको नेतृत्व गर्ने अधिकार गुमेकोले कुञ्जबिहारी अयोग्य रहेको दावी लाडलीशरणले गरे। जबाफमा कुञ्जबिहारीले आफू गुरू रामदासको पहिलो शिष्य र द्विज (जनैधारी) रहेको र लाडलीशरण शूद्र जातिबाट भएकोले यस्तो पवित्र परम्पराको नेतृत्व गर्ने अधिकार उनलाई नभएको, यसको नेतृत्व गर्ने एकमात्र अधिकारी आफू रहेको दावी गरे। विवाद जनकपुरको बाउन्न कुटीको साधुसमाजसम्म पुग्यो। त्यतिबेला जनकपुरको बाउन्न कुटीको साधु समाजले यस विवादको कुनै फैसला गऱ्यो, गरेन, यसबारे कुनै उल्लेख पाइँदैन।

तर जब त्यस वर्ष फागुन महिनामा परिक्रमा शुरूआत गर्ने समय आयो, वैरागी साघुहरूको जुलूस लाडलीशरण बसेको कचुरीको मन्दिरको देउताको डोला र झण्डा पछाडी लामबद्ध भयो। यो पन्द्रदिने मिथिला परिक्रमामा शूद्र लाडलीशरणको नेतृत्व स्वीकार गर्नु थियो। यसपछि पन्द्रदिने परिक्रमाको नेतृत्व कचुरी स्थानको डोलाले गर्ने परम्परा स्थापित भयो र यो अद्यपि जारी छ। लाडलीशरण बसेको कचुरी स्थानको डोलालाई हाल मिथिलाबिहारीको डोला भनिन्छ र परिक्रमाको निम्ति जनकपुर र अन्य ठाउँको डोला हनुमाननगरमा जम्माभएर कल्याणेश्वरको निम्ति प्रस्थान गर्दा सबैभन्दा अघि अघि यो डोला नै हुन्छ।

समयको प्रवाहमा विस्तृत पन्द्रदिने परिक्रमामा हाल जनकपुरको हनुमानगढीबाट कल्याणेश्वर पुग्छ र त्यहाँबाट औपचारिक शुरू भएर फुलहर, मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कन्चनवन, क्षीरेश्वरनाथ (पर्वत्ता), धनुषाधाम, सतोषर (मिथिलेश्वरनाथ), अउढी, करूणा, बिसौल र फेरी कल्याणेश्वर हुँदै फागुन पूर्णीमाको दिन जनकपुर फर्कन्छ र नगरको पाँचकोसे अन्तर्गृह परिक्रमा गरि समाप्त हुन्छ। हजारौं धर्मभीडू मानिसहरूको जत्था पन्द्र दिन सम्मको एउटा धार्मिक अभियानमा हिडिँरहेको यो पन्द्र दिने परिक्रमाले जनकपुरलाई धार्मिक पर्यटनस्थलको रूपमा प्रसिद्धि दिलाएको छ।

यस्तै सोही कार्यक्रमको समापनको अवसरमा आयोजक बाल सिर्जना बोर्डिङ्ग स्कुलका प्रधानाध्यापक जयराम लामिछाने, बुद्धमाई सेन्टरका मेनेजिङ्ग डाइरेक्टर लक्ष्मण भण्डारी, विद्यालयकै पेरेन्ट टिचर एसोसिएसनका अध्यक्ष अनिल चापागाई तथा स्वास्थ्यकर्मीहरूका तर्फबाट डा. जितेन्द्रप्रसाद सिंहले उक्त स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा खुसी व्यक्त गर्नुभएको थियो। सोही समयमा नै रक्तदान कार्यक्रम तथा स्वास्थ्य शिविर सम्पन्न गर्न सहयोग गर्ने संस्था तथा टोलीका सदस्यहरूलाई सोही विद्यालयका प्रधानाध्यापक जयराम लामिछानेले धन्यवादसहित प्रमाणपत्र पनि प्रदान गर्नुभएको थियो।

## कस्ता कामदारले...

लैजाने नीति बनाएको छ। जसअनुसार पहिलो वर्गमा सीप तथा सम्बन्धित कार्यक्षेत्रको अनुभवप्राप्त श्रमिकहरू रहनेछन्। यस्ता श्रमिकहरूले बढीमा ५ वर्ष जापानमा काम गर्न सक्नेछन्। विशिष्ट तथा उच्च तहको सीपयुक्त कामदारलाई दोस्रो वर्गमा राखिएको छ। यसअनुसार डाक्टर, इन्जिनियरजस्ता उच्च सीपयुक्त श्रमिकहरू पाँच वर्षभन्दा बढी समय जापानमा काम गर्न पाउनेछन्। उनीहरूले आफ्ना परिवारका सदस्यसमेत लैजान सक्ने व्यवस्था गरिएको छ। रोजगारीका विभिन्न क्षेत्र तोकिएका छन् जसअनुसार नर्सिङ केयर तथा केयर गिभर, बिल्डिङ सरसफाइ व्यवस्थापन, मेसिनरी पार्टस् तथा उपकरण उद्योग, औद्योगिक उपकरण उद्योग, इलेक्ट्रिक, इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि, निर्माण उद्योग, पानीजहाज निर्माण तथा पानीजहाजसम्बन्धी मेसिनरी उद्योग, सवारीसाधन मर्मत-सम्भार, हवाई उद्योग, होटेल तथा रेस्टुरेन्ट उद्योग, कृषि, माछा मार्ने तथा मत्स्यपालन उद्योग, खाद्य तथा पेय उत्पादन र खाद्य सेवा उद्योग तथा साधारण रेस्टुरेन्ट छन्।

## संशोधन...

गर्न सम्पूर्ण सांसदलाई अनुरोध पनि गर्नुभयो। उक्त अवसरमा मन्तव्य राख्दै नेकपा मालेका अर्का पोलिटब्युरो सदस्य सुरेन्द्र ढकालले यो संसोधन प्रस्ताव खारेज गरेरमात्रै नपुग्ने बल्की २०६३ सालमा भारतीयहरुलाई दिइएको ६३ लाख नेपाली नागरिकता खारेज गर्नुपर्ने माग गर्नुभयो। खुद भारतीय गृहमन्त्री तथा विदेश मन्त्रीले नेपालमा १ करोड भारतीयहरु रहेको र सबै भारतीयहरुले नेपाली नागरिकता पाउनुपर्ने भनी नेपाललाई दबाब दिएको स्मरण गराउँदै अब सडक र सदन दुबैबाट दबाब सिर्जना नगर्ने हो भने देश नरहने ठोकुवा गर्नुभयो। यसै गरी हिजै भक्तपुरको सूर्यविनायकमा पनि नागरिकता ऐन संशोधन विधेयकविरुद्ध नाराबाजी र कोणसभाहरु भएका छन्।

## नेपालमा...

सुम्पेको यो दायित्व पूरा गर्न हामी जात, धर्म, क्षेत्रका आधारमा विभक्त हुनु उचित होइन। हामी सबै नेपाली हौं, भन्ने प्रवल राष्ट्रियभावना लिएर अघि बढ्नुपर्छ। रात जतिसुकै लामो भए पनि उज्यालो अवश्य हुन्छ। तर, स्वतन्त्रतामाथि नै खेलवाड गर्न थालेमा नेताहरुले मात्र होइन, त्यस्तो प्रवृत्तिको समर्थन गर्ने सबैले पश्चाताप गर्नेपर्दछ।

नेपालको सार्वभौमसत्ता नेपालमै छ, तर शक्तिको स्रोत खोज्दै विदेश धाउने केही नेताका कारण सार्वभौमसत्ता कमजोर बन्दै गएको कटुसत्यलाई हामीले स्वीकार गर्नैपर्छ। कहिले पनि पराधिन नभएको नेपालको इतिहास साक्षी छ, ठूलठूला आँधीबेहरीहरुबाट देशलाई जोगाउन नेपालीहरुले ठूलो बलिदान गरेका छन्। नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र अखण्डता जोगाउन नेपालीहरु जेसुकै गर्न पनि तयार छन्। यो इतिहासले पुष्टि गरेको सत्य हो।

विश्व मानचित्रबाट कैयन् देशहरु लोप भएका छन्। कैयन् देशहरु राजनीतिक र जातीय कारणले विभाजित भएका छन्। सार्वभौमसत्ताप्रति संवेदनशिल हुन नसक्दा पूर्व युगोस्लाभिया जातीय कारणले टुक्राटुक्रा भयो। राजनीतिक स्वार्थमा विदेशी स्वार्थ मिसिदा सोभियतसंघ टुक्रेर १५ राज्यमा विभक्त भयो। लेवनानमा विदेशीकै षडयन्त्रमा गृहयुद्ध चर्कियो। बेरुतमा दुईवटा राजधानी बनाएर मुसलमान र इसाईबीच झगडा लगाउने काम भयो। आज नेपालीहरुलाई जात, धर्म, क्षेत्र, भाषा र सम्प्रदायको आधारमा विभाजित गराएर केही विदेशी शक्तिहरु हाम्रो राष्ट्रिय एकतालाई खण्डित गराउने खोजिरहेका छन्। कुनै पनि बहानामा देश विखण्डित भयो भने हामी नेपालीहरु कोही पनि बलियो बन्न सक्दैनौं। जुनसुकै जात, धर्म, सम्प्रदाय र क्षेत्रका भए पनि पहिले हामी नेपाली हौं। तर, नेपालमा भइरहेको विदेशी चलखेल र जनताले जिम्मेवारी सुम्पिएका नेताहरुबाट भइरहेका राष्ट्रघाती गतिविधिहरुको विश्लेषण गर्दा देश कमजोर हुँदै गएको स्वीकार्नै पर्छ। सार्वभौमसत्ता जोगाउन सचेत भएर समयमै खबरदारी गरेनन् भने अन्त्यमा गएर पछुताउनुबाहेक हामीसँग अर्को विकल्प पनि रहने छैन।

## विद्यालय...

तथा रोटरी क्लब डिल्लीबजारका पूर्वअध्यक्ष सुरेन्द्र ढकालले भवन बन्नु ठूलो कुरा होइन, त्यसको दिगो रुपमा सदुपयोग गरी बालमैत्री वातावरणमा आम जनताका छोराछोरीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सक्नु महत्वपूर्ण कुरा हो भन्दै शिक्षकहरु राजनीति दलको झण्डा उचाल्ने कार्यकर्ता होइन, राष्ट्रिय झण्डा उचाल्ने जिम्मेवार नागरिक बन्नुपर्छ भन्ने सल्लाह दिनुभयो। उक्त उद्घाटन कार्यक्रममा सहभागी हुन रोटरी क्लब डिल्लीबजारका अध्यक्ष पुण्य पौडेलको नेतृत्वमा पूर्वअध्यक्षत्रय सुरेन्द्र ढकाल, जयेन्द्र रिमाल तथा खगेन्द्र ढकाल र क्लबकी प्रथम महिला पुष्पा पौडेल बुंग आइपुगेका थिए। क्लासरुम इन क्लाउड, रोटरी इन्टरनेसनल, रोटरी क्लव नर्थ विरल बेलायत तथा रोटरी क्लव डिल्लीबजारको संयुक्त आर्थिक अनुदान तथा स्थानीय जनताको सहभागितामा उक्त भवन तयार भएको थियो।

## हार्दिक समवेदना



हाम्रा मित्र प्रेमकाजी कुन्छे प्रजापतिकी माता धनकुमारी कुन्छे प्रजापतिको ७६ वर्षको उमेरमा यही चैत्र ४ गते सोमबारका दिन दुखःद निधन भएकोमा दिवंगत आत्माको चीर शान्तिको प्रार्थना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना अपर्ण गर्दछौं।

**सिद्धि महर्जन**
सचिव तथा सम्पूर्ण
नेपाल कम्युनिस्ट पार्टी (माले)
काठमाडौं जिल्ला कमिटी परिवार